'जनतामा रहेको निराशालाई सम्बोधन गर्नुपर्छ' पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १ • २०८१ साल जेठ ७ गते सोमबार (20 May, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## प्रकाशकीय

### २६औं वर्षमा प्रवेश

जनकपुर टुडे राष्ट्रिय दैनिकले सफलतापूर्वक २५ वर्ष पूरा गरी २६ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा हाम्रा आदरणीय पाठक, विज्ञापनदाता, स्तम्भकार, शुभेच्छुक, सञ्चारकर्मी, प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारी, लेखाका कर्मचारीहरुमा हार्दिक बधाई तथा आभार प्रकट गर्दछु।

पत्रिकाको हकमा २५ वर्ष ठूलो समय होइन् । तर प्रतिकूल परिस्थिति र सीमित श्रोत, साधनमा रही २५ वर्षको यात्रालाई निरन्तर राख्नु हाम्रा लागि सन्तोषको विषय हो । सानो आकारबाट प्रारम्भ गरेको यात्रा ब्रोडसिट मल्टिकलरसम्म पुगेको छ। प्रविधिको निरन्तर भइरहेको विकासलाई आत्मसात गर्दै जनकपुर टुडेले आगामी दिनमा डिजिटल प्लेटफर्ममा समेत प्रभावकारी उपस्थिति जनाउने छ। पाठकको रुची र चाहनालाई तृप्त पार्न जनकपुर टुडे समूहले अनवरत प्रयासरत्त रहनेछ।

मधेश प्रदेशबाट प्रकाशन भई राष्ट्रिय स्तरसम्म पुग्न सफल भएको जनकपुर टुडे पत्रिकालाई माया र स्नेह गर्नुहुने सम्पूर्ण जनप्रति हार्दिक आभारी छौ । हाम्रा कमीकमजोरीलाई औल्याउँदै मार्गदर्शन गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछौ । छापा संस्करणलाई निरन्तरतादिदै भविष्यमा डिजिटल प्लेटफर्ममा आफ्नो पहिचानलाई स्थापित गर्ने प्रण गर्दछौ । सत्य, तथ्य, तटस्थ र निष्पक्ष समाचारलाई जनजन सम्म पुर्याउने अठोटप्रति हामी कायम छौ ।

अनुसन्धनात्मक र खोजमूलक समाचारलाई हामी आफ्नो प्राथमिकतामा राख्ने छौ । साजसज्जामा समेत परिवर्तन गरी अझ बढी पठनीय सामग्री समावेश गर्ने प्रयत्नमा छौ । कोरोनाकालमा समेत निरन्तर रुपमा प्रकाशन भएको जनकपुर टुडेलाई २६ औं वर्षको यात्रा प्रारम्भ गरेका छौ । यो यात्रामा पनि सम्पूर्ण पाठक, विज्ञापनदाता, स्तम्भकार, शुभेच्छुकहरुको सहयोग र सद्भाव प्राप्त भइरहने विश्वास लिएका छौ। जनकपुर टुडेकर्मी सबैमा हार्दिक बधाई।

# कांग्रेस, राप्रपा, लोसपा र जसपा नेपाल एकजुट

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा)नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमवार लिन लागेको विश्वासको मत रोक्न सर्वोच्च अदालतमा रिट दायर गरेको छ।


जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री प्रचण्डले प्रतिनिधि सभाबाट लिन लागेको विश्वासको मत रोक्न माग गर्दै सर्वोच्च अदालतमा दर्ता गरेको रिट निवेदनको पेशी सोमवार तोकिएको छ उनी आइतवार नै सर्वोच्च अदालतमा अन्तरिम आदेशको माग गर्दै रिट दर्ता गरेका छन् ।

सर्वोच्चका सहप्रवक्ता गोविन्द घिमिरेले यादवको रिट सर्वोच्चमा दर्ता भएको पुष्टि गरेका छन्। उनले सोमवारका लागि पेशी तोकिएको पनि बताए।

जसपा विवादको टुंगो लागिनसकेको अवस्थामा प्रचण्डले संसद्मा लिने विश्वासको मतले वैधता नपाउने भएकाले त्यसलाई रोक्न रिटमा माग गरिएकोछ।

जसपा नेपालबाट अलग भएका ७ जना पार्टीविहीन भएको र उनीहरू जसपा नेपाल र जसपा दुबैको सांसद नभएको जिकिर अध्यक्ष यादवले गरेका छन् । उनीहरूले विश्वासको मत प्रक्रियामा भाग लिन नमिल्ने दाबीगर्दै दायर गरेको रिटमा विश्वासको मत रोक्नुपर्ने माग गरिएकोछ।

प्रधानमन्त्री सोमबार प्रतिनिधि सभामा विश्वासको मत लिने जनाउ सभामुख देवराज घिमिरेले जनाएका छन् । प्रतिनिधि सभाको सोमवार बिहान ११ बजे बैठक डाकिएको छ। वैठकको कार्यसूचीमा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने पनि रहेको छ।



श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन–पत्र

विषय:– प्रतिषेध, परमादेश, उत्प्रेषण लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश पुर्जी जारी गरी पाउँ।

मधेश प्रदेश वारा जिल्ला निर्वाचन क्षेत्र नं.२ बाट प्रतिनिधि सभाको सदस्य पदमा निर्वाचित तथा जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको अध्यक्ष वर्ष ६३ को उपेन्द्र यादवको वारेस भै जनता समाजवादी पार्टी नेपालको तर्फबाट अख्तियार प्राप्त जिल्ला सिरहा गोलवजार न.पा. वडा नं.३ मा बस्ने वर्ष ५८ को प्रकाश अधिकारी (मो.नं ९८०८५९४६६८)——१ } निवेदक

विरुद्ध

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, सम्पर्क नं० ९८०१००८०८०, email id: cmprachanda1@gmail.com ——१
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ, सम्पर्क नं० ५९७१००० ——२
प्रतिनिधि सभाका सभामुख सम्माननीय देवराज घिमिरे, प्रतिनिधि सभा, सम्पर्क नं० ९८५१०३८३३२, Email id: devrajghimire542@gmail.com——३
प्रतिनिधि सभा नेपाल, नयाँ वानेश्वर, काठमाण्डौ, सम्पर्क नं० ४२०००७२ ——४
संघीय संसद सचिवालय, सिंहदरवार, सम्पर्क नं० ०१-४२०००७२ ——५
निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौ, (फो नं ०१४२३३४९७) ——६
उदयपुर जिल्ला, सुन्दरपुर न.पा. वडा नं ६ घर भै हाल का.जि.म.न.पा.वडा नं १० वुद्धनगर वस्ने अं वर्ष ६६ को अशोक कुमार राई, सम्पर्क नं ९८५१०८६६६६ ——७
सप्तरी जिल्ला हनुमाननगर नगरपालिका वडा नं. ४ वस्ने वर्ष ७८ को नवल किशोर साह सुडी, सम्पर्क नं० ९८५११७६१२३ ——८
सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. २ वस्ने वर्ष ५८ की रन्जु झा, फोन:९८५११९५७०८——९
सिरहा जिल्ला, कर्जन्हा गा.पा वडा नं. २ वस्ने वर्ष ५४ को बीरेन्द्र प्रसाद महतो, सम्पर्क नं ९८०१०००२२ ——१०
पर्सा जिल्ला मनयारी गा.पा. वडा नं.२ वस्ने वर्ष ४८ को प्रदिप यादव, मो नं० ९८५५०२३४४८-११ } विपक्ष

मस्यौदाकर्ता
अजय शंकर झा " अधिवक्ता, प्र०प०नं० ७५५५

जसपा नेपाल विभाजनविरुद्ध यस अघि दर्ता भएको रिटमा सर्वोच्चले नयाँ पार्टीको दर्ता प्रक्रिया यथास्थितिमा राख्न आदेश दिएको हो । अल्पकालीन अन्तरिम आदेश जारी गरेको सर्वोच्च अदालतले मंगलवार छलफलमा दुवै पक्षलाई बोलाएकोछ।

जसपा नेपाल विभाजन सम्बन्धी निर्वाचन आयोगको निर्णयलाई बदर गर्न सक्ने सम्भावना कानुनविदहरुले औल्याएपछि प्रधानमन्त्री प्रचण्डले एक दिन अगावै विश्वासको मत लिन लागेको जसपा नेपालका नेताहरुले आरोप लगाएका छन्।

प्रतिनिधि सभामा दर्ता रहेको राजनीतिक दल सम्बन्धी विधेयक सरकारले शुक्रवार फिर्ता लिएको थियो । सो विधेयक सरकारले दल विभाजन सम्बन्धी निर्वाचन आयोगको ऐनलाई प्रतिस्थापन गर्नका लागि दर्ता गरेको थियो। कार्यसूचीमा रहे पनि प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसको अवरोधको कारण सो विधेयक उपर छलफल भएन्।

सर्वोच्च अदालतमा जसपा नेपालको रिट कति नम्बरमा पर्ने र सुनुवाई हुनसक्ने नसक्ने टुंगो समेत सोमवार नै लाग्ने छ । तर प्रधानमन्त्रीको विश्वासको मत सम्बन्धी प्रक्रिया बैठक प्रारम्भ भएसँगै सुरु हुनेछ।

सर्वोच्च अदालतले यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरिसकेकोले जनता समाजवादी पार्टीको नामबाट जसपा नेपालबाट अलगिएका ७ जनाले मतदानमा भाग नलिए प्रधानमन्त्री प्रचण्ड अल्पमतमा पर्ने निश्चित छ।

सत्ता साझेदार दलहरु मध्ये सबैले विश्वासको मत दिने बताउँदै आएका छन् । तर ७ जना सांसदको कारण अल्पमतमा पर्ने संभावना भए नेकपा एसले पनि साथ छाड्न सक्ने आशंकामा प्रधानमन्त्री प्रचण्ड छन्।

जसपा नेपालले नयाँ पार्टी गठन गरेका ७ सांसदलाई विश्वासको मतको प्रक्रियामा सहभागी गराउन नमिल्ने भन्दै सभामुखलाई पनि आइतवार पत्र पठाएको छ।

आइतबार संसद् सचिवालयमा दर्ता भएको पत्रमा प्रधानमन्त्रीले लिने विश्वासको मत र प्रतिनिधि सभाको कुनै पनि गतिबिधिमा सर्वोच्च अदालतबाट अन्तरिम आदेश नआउन्जेल सामेल गराउन नमिल्ने भन्दै जसपा नेपालले सभामुख घिमिरेसमक्ष आग्रह गरेको छ।

जसपा नेपालका अध्यक्ष यादवले दायर गरेको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै अदालतले नयाँ पार्टी गठन र त्यसका कामकारबाहीका अवस्था यथास्थितिमा राख्न आदेश गरेको थियो। यही आदेशमा टेकेर जसपा नेपालले सभामुखलाई पत्र लेखेको छ।

सर्वोच्च अदालतले जसपा नेपालको पक्षमा आदेश जारी गरे जसपा नेपाल फुटाउने ७ जना सांसदको पद पनि धरापमा पर्न सक्छ । जसपा नेपालले प्रधानमन्त्री प्रचण्डलाई दिएको समर्थन फिर्ता लिएपछि उनले हतारमा विश्वासको मत लिन लागेका छन्।

अशोककुमार राईलगायत ७ सांसदले जसपा नेपाल छोडेर जसपा गठन गरेका छन् । त्यसलाई निर्वाचन आयोगले दलको मान्यता दिइसकेको छ। तर दल विभाजन सम्बन्धी कानुनलाई संशोधन गर्न ल्याइएको अध्यादेश निष्क्रिय भइसकेको अवस्थामा पुरानै कानुन कार्यान्वयन हुनुपर्ने अथवा नयाँ कानुन बनाउनुपर्ने कानुन व्यवसायीहरुको तर्क छ। कानुनविहीनताको अवस्थामा निष्क्रिय भइसकेको अध्यादेशलाई टेकेर गरिएको दल दर्ता गैरकानुनी रहेकोले खारेज गर्न जसपा नेपालले माग गरेको छ।

गर्मी मौसममा हुनसक्ने आगलागिका घटनाहरू र सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार उपाय अपनाऔं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन राम्रो नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसंग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय-समयमा निरीक्षण गरौं ।
- चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोग पश्चात् जथाभावी नफालौं र आगो राम्रो संग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

मिथिला विहारी नगरपालिका
तारापट्टी, धनुषा, मधेश प्रदेश

धनुषाधाम नगरपालिकाको

सूचना

- विकास निर्माणको काममा जन-सहभागिता जुटाऔं ।
- नगरपालिका भित्र ईजाजत लिएर मात्र घर निर्माण गरौं ।
- नगरपालिका भित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसायहरु नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- नगरपालिकालाई भुक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भुक्तान गरी जरिवानाबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाह, बसाईसराई, जन्मदर्ता, विवाहदर्ता) समयमै गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं । सडकमा नछाडौं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परेपनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- सलाई, लाइटर जस्ता वस्तु बच्चाको पहुचबाट टाढा राखौं ।
- नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण करचुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय वाध्य नहुने ।

धनुषाधाम नगरपालिका
धनुषाधाम, धनुषा, मधेश प्रदेश



महोत्तरी जिल्लाको मटिहानी नगरपालिका- ८ मा रहेको माछा बजारमा माछा किनमेल गर्दै । तस्विर : रासस

# 'जनतामा रहेको निराशालाई सम्बोधन गर्नुपर्छ'



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पार्टीको आसन्न दसौँ राष्ट्रिय महाधिवेशनमा जुट्न पार्टी पङ्क्तिलाई निर्देशन दिनुभएको छ ।

पेसागत महासङ्घ नेपालको २९औँ स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा उहाँले कुनै पनि अन्योलमा नपरी पार्टीको मुख्य ध्यान सङ्गठन विस्तार अभियान नै हो भन्नुभयो । जनतामा रहेको निराशा र छटपटीलाई सम्बोधन गर्न पार्टीले आवश्यक राजनीतिक पहलकदमी लिने जनाउँदै उहाँले उहाँले भन्नुभयो, "पार्टी सरकारमा सहभागी छ, मन्त्रीहरुबाट परिणाममुखी काम होऊन्, सरकारले राम्रो काम गरोस् ।"

अध्यक्ष नेपालले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग आज भेट भएको जानकारी दिनुहुँदै आफ्नो पार्टीले सरकारलाई विश्वासको मत दिने बताउनुभयो । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले सरकारले मुलुकमा सामाजिक-आर्थिक रुपान्तरणका लागि नीति तथा कार्यक्रमलाई प्राथमिकता राखेको बताउनुभयो । उहाँले देशमा सुशासन कायम गरी विकास तथा समृद्धिका लागि आफू प्रतिबद्ध रहेको बताउनुभयो । सो अवसरमा महासङ्घका विभिन्न प्रकाशन विमोचन गरिएको थियो ।रासस

# म्याजिकल एआई फ्ल्यागशिपः अनर म्याजिक सिक्स प्रो नेपालमा आउँदै




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालका लागि अनल/ अनरको आधिकारिक वितरक सेलट्रोन नेपालले कुनैपनि ढिलाइ नगरी नेपालमा इन्नोभेसन ल्याउदै आएको छ ।चाहे त्यो सबैभन्दा पातलो फोल्ड अनर मेजिक भि टु होस वा सबैभन्दा बलियो स्मार्टफोन अनर एक्स नाइन भी, यसले अनर ग्लोबललाइ पछ्याउदै मानिसहरूलाई प्रविधि र नवीनताको अनुभव गराउदै आएको छ । सो लाइ निरन्तरता दिदै , यसले नेपालमा बहुप्रतिक्षित अनर म्याजिक सिक्स प्रो भित्र्याउने जानकारी दिएको छ । प्रतिष्ठित अनर म्याजिक श्रृंखलाको फ्ल्यागशिप लाइनअपमा सबैभन्दा नयाँ थपिएको अनर म्याजिक सिक्स प्रो लेफोटोग्राफी, डिस्प्ले, कार्य सम्पादन र एआइ संचालित प्रयोगकर्ता अनुभवहरूमा उन्नति गरेको छ । स्मार्टफोनले विश्व रेकर्ड तोड्दै पाँचवटा डिएक्सओ मार्क गोल्ड लेबलहरू प्राप्तगर्ने उद्योगमा पहिलो भएको छ ।

# सगरमाथा आरोहीलाई पर्यटन प्रवर्द्धक नियुक्त गरिने

काठमाण्डु । सरकारले सगरमाथा आरोहीलाई पर्यटन प्रवर्द्धक नियुक्ति गर्ने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ७१औँ अन्तर्राष्ट्रिय सगरमाथा दिवसका अवसरमा पर्यटन प्रवर्द्धक नियुक्त गर्न लागेको हो ।

मन्त्रालयको पर्यटन प्रवर्द्धन शाखाले आइतबार सूचना प्रकाशित गर्दै अन्तर्राष्ट्रिय सगरमाथा दिवसका अवसरमा पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७९ बमोजिम नियुक्ति भएका देश/प्रान्त/सहरमा बाहेक अन्य स्थानमा पर्यटन प्रवर्द्धन नियुक्ति गर्ने कार्यक्रम तय भएकाले मापदण्ड पुगेका इच्छुक सगरमाथा आरोहीलाई सात दिनभित्र पर्यटन प्रवर्द्धन शाखामा निवेदन पेस गर्न आग्रह गरेको छ ।

पर्यटन प्रवर्द्धन शाखाका उपसचिव अनिल किरातीका अनुसार सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गर्ने आरोहीलाई पर्यटन प्रवर्द्धकमा नियुक्त गरिनेछ । यसअघि नियुक्त भएका देश र सहरका २९ जना प्रवर्द्धकबाहेकका मुलुकमा सगरमाथा आरोहीलाई पर्यटन प्रवर्द्धक नियुक्त गरिने उपसचिव किरातीले बताउनुभयो । पर्यटन मन्त्रालय (२०८० फागुन १३ गतेको मन्त्रिस्तरीय निर्णय)ले विश्वमा नेपालको पर्यटन प्रवर्द्धन गर्न २९ जनालाई पर्यटक प्रवर्द्धक नियुक्त गरेको थियो ।रासस

# हिमाली मुलुकका मुद्दा स्थापित गर्न अन्तर्राष्ट्रिय संवाद, २३ देशका विज्ञ सहभागी हुँदै

काठमाण्डु । पर्वतीय मुलुक नेपालले लामो समयदेखि अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनका कारण हिमालमा परेका असरबारे आवाज उठाउँदै आएको छ । फलतः गत वर्षको जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन (कोप-२८)ले पहिलोपटक जलवायुले हिमालमा पारेका असरलाई आफ्नो निर्णयमा समावेश गर्दै असरकम गर्ने प्रतिकार्यको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको छ ।

नेपालले अब यो मुद्दा अन्तर्राष्ट्रिय रूपमा आफ्नो नेतृत्वसहित स्थापित गर्न काठमाडौँमा यही जेठ ९ र १० गते 'अन्तर्राष्ट्रिय संवाद' गर्दैछ । दुई दिनसम्म सञ्चालन हुने 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'मा २३ देशका विशेषज्ञको सहभागिता हुने निश्चित भएको छ ।

संवादमा नेपाललगायत पर्वतीय र टापु देश, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधि गरी दुई सयभन्दा बढीको सहभागिता हुने बताइएको छ । जलवायु परिवर्तनसम्बन्धी यो विज्ञ संवादको उद्देश्य पर्वतीय पारिस्थितिकीय प्रणालीमा आधारित जलवायु उत्थानशील कार्यहरूलाई सुदृढ, समन्वय र प्राथमिकता दिने रहेको मन्त्रालयलका सहसचिव डा महेश्वर ढकालले जानकारी दिनुभयो ।

"जलवायु अन्तर्राष्ट्रिय एजेण्डा भएको र नेपालजस्ता हिमाली मुलुकले यसको समस्या बढी सामना गर्दै आएको छ", उहाँले भन्नुभयो, "सम्मेलनमार्फत यस विषयलाई थप अन्तर्राष्ट्रियकरण गरेर नेपालले पर्वतीय क्षेत्रमा परेको जलवायुका प्रभावलाई नेतृत्व गर्ने र यो मान्यतालाई स्थापित गर्ने तयारी गरेका छौँ ।" यसबाट जलवायु परिवर्तनको वार्ताको क्षमता अभिवृद्धि गर्ने, जलवायु अनुकूलन र न्यूनीकरण कार्यका लागि आवश्यक पर्ने स्रोत जुटाउन अन्तर्राष्ट्रिय समुदायलाई दबाब दिने उद्देश्य पनि रहेको सहसचिव ढकालले बताउनुभयो । "जलवायुका घटना दिनप्रतिदिन बढ्दै छन् । हिमाली र पहाडी क्षेत्रमा तुलनात्मक रूपमा बढी छन् । तसर्थ संस्थागत र सबल रूपमा आवाज उठाउनका लागि पनि यो संवाद उपयोगी हुनेछ", उहाँले भन्नुभयो ।

संवादमा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)का अध्यक्षसमेत आउनुहुनेछ । त्यस्तै युएनएफसिसिसीको सचिवालयका प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घका निकायका प्रतिनिधि, विश्व बैंक, एसियाली विकास बैंकलगायत निकायका प्रतिनिधि सहभागी हुनुहुनेछ ।

पर्वतीय देशहरू र सरोकारवालालाई जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन महासन्धिअन्तर्गतका कार्यक्रममा सहकार्य गर्न वातावरण बनाउने सम्मेलनको लक्ष्य छ । मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा बुद्धिसागर पौडेलले यस संवादले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेका असर र यसका समाधान सम्बन्धमा अझ गहन रूपमा बुझ्न मद्दत गर्ने बताउनुभयो । "यस विषयका विशेषज्ञता र अनुभवलाई एकीकृत गर्न, साझा सङ्कल्पसहित पर्वतीय जलवायु उत्थानशील रणनीति विकास गर्नसमेत योगदन पुग्ने हाम्रो ठम्याइ छ", उहाँले भन्नुभयो ।

## विभिन्न नौ विषयका सत्रमा विज्ञसहित छलफल हुने

संवादको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने कार्यक्रम छ । संवाद क्रममा तीनवटा प्रमुख विषयगत क्षेत्रमा आधारित रहेर दुईवटा प्रारम्भिक र सातवटा संवाद सञ्चालन गर्नेगरी तयारी गरिएको सहसचिव डा पौडेलले जानकारी दिनुभयो ।

पहिलो सत्रमा 'जलवायु विज्ञान र पर्वतीय तथ्य र तथ्याङ्क' को विषयवस्तुमा जलवायु परिवर्तनको प्रभाव, सङ्कटासन्नता र जोखिम, हिमाली क्षेत्रमा भइरहेको वातावरणीय सङ्कटको विषयमा आवश्यक प्रमाणहरू समेट्ने सत्र समावेश गरिनेछ । दोस्रो सत्रमा 'प्रकृतिमा आधारित पर्वतीय उत्थानशीलताका उपायहरू' विषयमा केन्द्रित भएर छलफल गरिनेछ । यो सत्रमा जनता, जलवायु नीति, र समृद्धिका उपायहरू, स्थानीय नेतृत्वमा जलवायु अनुकूलन र जलवायु न्याय, लैङ्गिक समानता र स्थानीय समुदायका आवाज समावेश गरिने छ । त्यस्तै तेस्रो सत्रमा 'पर्वतीय क्षेत्रको संरक्षणका लागि आवश्यक पर्ने सम्भावित स्रोत र अवसरहरूको खोजी गर्नेगरी' मुख्यतया स्वच्छ र हरित ऊर्जामा लगानी वृद्धि गर्ने, जलवायु वित्तलाई सहज र सघन बनाउने तथा अन्तर्राष्ट्रिय सहयोग र क्षेत्रीय साझेदारीलाई अभिवृद्धि गने विषय समावेश छन् ।

प्रधानमन्त्री दाहालका जलवायु विज्ञ डा पुपलर जेण्टलले यो संवादलाई जलवायु परिवर्तनले हिमाली क्षेत्रमा परेको जोखिमबारे छलफल गर्न सशक्त मञ्चका रूपमा स्थापित गरिने उल्लेख गर्नुभयो । संवादका माध्यमबाट जलवायु परिवर्तनले हिमाली क्षेत्रमा परेको जोखिमको बारेमा सचेतना जगाउने, पर्वतीय देशहरूको साझा मुद्दा र समस्या पहिचान गरी सहयोग आदानप्रदान गर्न सहज हुने उहाँले बताउनुभयो । "हिमाली क्षेत्रमा बसोबास गर्ने वा आश्रित समुदायलाई अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रक्रियामा उनीहरूको हक अधिकार सुरक्षित गर्न साझा मञ्चको विकास गर्न मद्दत हुने अपेक्षा गरेका छौँ" उहाँले भन्नुभयो ।

जलवायु परिवर्तनको असरसँग अनुकूलन हुन पर्वतीय क्षेत्रका जनता र उनीहरूको जीविकोपार्जनमा हुने हानी-नोक्सानीलाई न्यूनीकरण गर्न, स्वच्छ ऊर्जा सङ्क्रमणलाई प्रवर्द्धन गर्ने, नवप्रवर्तन ज्ञान, अनुसन्धान र नवीन समाधानहरू र अन्वेषणहरू एकापसमा आदानप्रदान गर्न योगदान हुने उहाँ बताउनुहुन्छ । यस संवादबाट पर्वतीय राष्ट्र र यस क्षेत्रमा बसोबास गर्ने वा आश्रित बासिन्दाको लागि प्रविधि हस्तान्तरण, क्षमता विकास र जलवायु वित्तसम्बन्धी बहुपक्षीयता, सहयोग र साझेदारीलाई बढावा दिने बताइएको छ ।



"संवादको उद्देश्य संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहका लागि सहायक निकाय (साब्टा)को ६०औँ सत्रमा आयोजना हुने हिमाल र जलवायु परिवर्तनसम्बन्धी विशेषज्ञको संवादमा पर्वतीय समस्या समाधान गर्न ठोस मार्गचित्र र रणनीति तयार गर्नु रहेको छ", जलवायु विज्ञ डा जेण्टलले भन्नुभयो, "यसका निष्कर्षलाई आगामी जुनमा जर्मनीको बोनमा हुने साब्टाको ६०औँ सत्रमा जोड्ने र त्यसपछि आगामी कोप-२९ का एजेण्डामा प्रवेश गराई संस्थागत गराउने योजना छ ।"

पर्वतीय क्षेत्रले विश्वको १५ प्रतिशतभन्दा बढी जनसङ्ख्यालाई बास, गाँस र कपासको आधारशिलाको प्रत्याभूति गरेको छ । साथै ५० प्रतिशतभन्दा बढी वनस्पति र वन्यजन्तुलाई आश्रयस्थलसमेत प्रदान गरेको छ । पर्वतीय क्षेत्रले प्रदान गर्ने सफा पानी, स्वच्छ हावा र स्वस्थ्य पारिस्थितिकीय प्रणालीले समग्र मानव जगत्लाई सेवा दिँदै आएका छन् । तर पर्वतीय क्षेत्रको महत्व उजागर गर्न र यस क्षेत्रले भोगेका समस्या अन्तर्राष्ट्रिय सम्मेलनमा उचित स्थान र मान्यताका साथ बुलन्द हुन नसक्दा नेपाललगायत पर्वतीय देशहरू आशातित लाभ लिनबाट बञ्चित भएका छन् ।

## दुबई सम्मेलनमा पहिलोपटक हिमालका मुद्दा स्वीकार

संयुक्त अरब इमिरेट्सको दुबईमा गत मङ्सिर १४ देखि २६ गतेसम्म भएको कोप-२८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु सङ्कटका बारेमा निर्णय गरेको थियो । सम्मेलनले आगामी जुनमा हुने युएनएफसिसिसीअन्तर्गतको 'साब्टा'को ६० औँ बैठकमा 'हिमाल, मानव र जलवायु परिवर्तन विषयमा विज्ञहरुको संवाद' आयोजना गर्न निर्देशन दिएको थियो ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप-१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबार नेपालले विश्वको ध्यानाकर्षण गराउँदै आएको छ । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आए पनि यसबारेमा अपेक्षाकृत उपलब्धि हासिल भएको थिएन ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोप-२८ को उद्घाटन समारोहमा नेपालको नाम नै उच्चारण गर्दै विश्व तापमानमा भएको वृद्धिका कारण हिमालमा परेको असरबारे उल्लेख गर्नुभएको थियो । उहाँले सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिकमा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको भ्रमणसमेत गर्नुभएको थियो । उहाँको यो भ्रमणले पनि नेपाललाई हिमालका मुद्दा उठाउन सहज भएको थियो । प्रधानमन्त्री दाहालको नेतृत्वमा कोप-२८मा भएको सहभागितामा पर्वतीय मुलुकका मुद्दा प्रस्तुतिका साथ नेपालले पहिलोपटक उच्चस्तरीय गोलमेच बैठकको आयोजना गरेको थियो ।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेको छ । सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । तापक्रम वृद्धिले यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लिने जोखिम बढेको छ ।

अघिल्ला दशकका तथ्याङ्क विश्लेषण गर्दा हिमालमा प्रतिदशक शून्य दशमलव ०५ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । तापक्रम वृद्धिसँगै हिमनदी पग्लिने क्रम पनि बढिरहेको छ । यसको प्रत्यक्ष असर हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीदेखि टापु राष्ट्रसम्म परेको छ । सन् १९८० देखि २०१० सम्मको अवधिमा भएको तापमान वृद्धिले २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको छ । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हाल नेपालमा दुई हजार ७० हिमताल छन् र तीमध्ये २१ वटा जोखिममा छन्भने चीनको स्वशासित क्षेत्र तिब्बतका २५ र भारतको एउटा हिमताल जोखिममा छ ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | पुरस्कार प्राप्त लाभ । |
| बृष | नयाँ कार्य हुने । |
| मिथून | बौद्धिक क्षमता । |
| कर्कट | प्रतिभा सम्पन्नता । |
| सिंह | शिक्षामा उन्नति । |
| कन्या | पारिवाहिक सुख । |
| तुला | धन वृद्धि सञ्चय । |
| वृश्चिक | प्रेम प्रसंग, मित्र सुख । |
| धनु | सुख समृद्धि हुने । |
| मकर | भ्रमण अवसर हुने । |
| कुम्भ | अवसर प्राप्त । |
| मीन | वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# एक महिनामा नौ करोडको तरकारी बिक्री




**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेशको प्रमुख तरकारी बजारका रुपमा रहेको सर्लाहीको लालबन्दीस्थित तरकारी बजारमा किसानले एक महिनामा नौ करोड बढीको तरकारी बिक्री गरेका छन् ।

कृषि थोक बजार व्यवस्थापन समितिका अनुसार लालबन्दीको डुमडुमेस्थित थोक तरकारी बजारबाट वैशाख महिनामा किसानले बिक्री गरेको नौ करोड ३६ लाख ४५ हजार ५ सय रुपैयाँको तरकारी देशका विभिन्न बजारमा पुगेको छ ।

किसानले वैशाखमा सबैभन्दा धेरै तीन करोड ८३ लाख ५२ हजार रुपैयाँको गोलभेँडा बिक्री गरेका छन् । लालबन्दी गोलभेँडा उत्पादनमा प्रख्यात छ । गोलभेँडापछि किसानले सबैभन्दा धेरै एक करोड १५ लाख ७६ हजार रुपैयाँको बोडी बिक्री गरेका छन् ।

उत्पादनको मुख्ययाम भएकाले यहाँका किसानले अहिले धमाधम बोडी फलाइ रहेका छन् । लालबन्दी बजारमा किसानले बैशाख महिनामा ६७ लाख २८ हजार रुपैयाँको सिमी, ६२ लाख ५५ हजार ७ सय ५० रुपैयाँको करेला, ५४ लाख २० हजार २५० रुपैयाँको हरियो खुर्सानी, ३७ लाख ३० हजार ५ सय रुपैयाँको भिन्डी, २८ लाख ९८ हजार रुपैयाँको परबल, २४ लाख २० हजार रुपैयाँको कागती बिक्री गरेका बजार व्यवस्थापन समितिको तथ्याङ्कले देखाउँछ ।

लालबन्दी बजारमा ल्याएर किसानले बिक्री गर्ने गरेको तरकारी स्थानीय उपभोक्तामाझ खपत हुनुका साथै काठमाण्डु, पोखरा, नारायणघाट, गौर, चन्द्रनिगाहपुर, मलङ्गवा, जनकपुरधाम, सिन्धुली, कटारी र सोलुखुम्बुसम्म पुगेको बजार व्यवस्थापन समितिका व्यवस्थापक शम्भुप्रसाद घिमिरेले जानकारी दिए ।

केही व्यापारीले यहाँको तरकारी किनेर मोटरसाइकलमा राखी सीमापारी भारतीय बजारसम्म पनि पुऱ्याउने गरेका घिमिरेले बताए । बजारमा प्रत्येकजसो हरियो तरकारी सहज रुपमा बिक्री हुने भएकाले लालबन्दी र आसपासको पालिकाका किसानको आम्दानीको प्रमुख स्रोत नै तरकारी खेती बन्दै गएको छ ।

# गरिब बस्तीमा इन्धनको चिन्ता

**टुडे समाचारदाता**

जलेश्वर । बर्षा सुरु हुन लाग्दासमेत खाना पकाउने इन्धन सञ्चित नभएपछि महोत्तरीको झुपरका स्थानीयवासी चिन्तित छन् । यसपालि वनमा पतझड झर्ने बित्तिकै डढेलो लागेकाले उनीहरुले पतिङ्गर सोहार्न पाएनन् । सोही कारण झुपर बस्तीका स्थानीयवासी बर्षामा खानेकुरा कसरी पकाउने भन्ने चिन्तामा पिरोलिएका छन् ।

अन्नपात बनिबुतो गरी जोहो गरे पनि पतिङ्गर साँच्न नपाउँदा खाना पकाउने इन्धन छैन । "अमकीबेर पतोइ नई समटायल, बर्खामें केना खाना बनतै" (यसपालि पतिङ्गर समेट्न सकिएन, बर्खामा अब कसरी खाना पाक्ला ?) भङ्गाहा-६ हसिर्वाको झपौल बस्तीकी हेमकली सदा मुसहर भन्छन्-'बोइन कऽकऽ लायल दाना भी पकाक खाएके नोवत नइरहल" (मजदुरी गरेर ल्याइने अन्नपात पनि पकाएर खाने अवस्था रहेन) । जिल्लाका मुसहर, बाँतर समुदायका गरिबको पतिङ्गर सोहोरेर इन्धनको जोहो गर्ने पुरानै चलन छ ।

"चैत, वैशाख हमनीके पतोई सम्टके बेर रहैछै, मुदा अइसाल जङ्गलमें सुनगाइल आइगके कारण नई सम्ट सकली" (चैत, वैशाख हाम्रो पतिङ्गर सोहोर्ने बेला हो, तर यसपालि डढेलोले दिएन) गौशाला-४ की भुल्ली सदाले भनिन्, "गामघरमें गिरहत फुलबारीमें पैस नई देइय, हमरा सबसन गरिबके कोनो जिनगी अई" (गाउँघरका मालिक बगैँचामा पस्न दिँदैनन्, हामीजस्ता गरिबको कुनै जिन्दगी हो ?) सङ्कलित पतिङ्गर बेचेर कमाउने नगद पनि यसपालि नभएको भङ्गाहा-४ पलारको बाँतरटोलकी पल्टी बाँतरले गुनासो गरिन् ।

यहाँका स्थानीयवासीले चैत र वैशाखमा सङ्कलन गरेका पतिङ्गर आफूलाई वर्षभरि चाहिने राखेर अरु किसानलाई बेचेर आम्दानी लिन्थे । बारीमा रोपिएका परवल, ओल, पिँडालु, अदुवा र बेसारलाई माटोमा चिस्यान राखिरहन पतिङ्गरले छोप्ने गर्छन् । वनक्षेत्रको पतिङ्गर सोहोर्न नपाएपछि आउने बर्खाको इन्धनको जोहोका लागि स्थानीवासीहरु अहिले सडक, चउर र चरनक्षेत्र चहार्दै छन् । यी ठाउँमा केही गोबर सङ्कलन गर्नसके चिपरी पथारेर सुकाउन सकिने उनीहरुको आशा छ ।

# जीर्ण बन्दै सपिङ्ग कम्पलेक्स

**टुडे समाचारदाता**

मलंगवा । लालबन्दी नगरपालिका-७, स्थित डुमडुमे मन्दिर अगाडि निर्माण गरिएको 'सपिङ कम्प्लेक्स' प्रयोगविहीन बनेको छ ।

लालबन्दी नगरपालिकाले पटकपटक सूचना जारी गर्दा पनि 'सपिङ कम्प्लेक्स' भाडा लाग्न सकेको छैन् । भाडा नलाग्दा 'सपिङ कम्प्लेक्स' बेवारिसे बनेको छ ।

लालबन्दी नगरपालिका-७, का वडाध्यक्ष कृष्णकुमार कार्की (गोपाल) ले ठेक्का लाग्न नसक्दा 'सपिङ कम्प्लेक्स' संरक्षणविहीन बनेको बताए । "सँधै कुरेर बस्न सकिने अवस्था छैन, संरक्षण नहुँदा भवनको झ्यालका सिसा फुटेर गइरहेका छन्," वडाध्यक्ष कार्कीले भने "ठेक्का लागे संरक्षण हुन्थ्यो नत्र अहिले त संरक्षणविहीनको अवस्थामा छ ।"

लालबन्दी नगरपालिकाले नगर विकास कोषको ऋण सहयोगमा व्यावसायिक प्रयोजनको उद्देश्यले 'सपिङ कम्प्लेक्स' निर्माण गरेको छ । छ करोड ४१ लाख ६० हजार ३६२ रुपैयाँ २९ पैसामा २०७६ सालमा



ठेक्का लागेको भवन निर्माणको काम केही समयअघि नै सम्पन्न भएको थियो ।

निर्माण व्यवसायीले भवनमा लिफ्ट राख्नेसहितका काम भने भर्खरै सम्पन्न गरेका छन् । निर्माण पूरा गरी व्यापार व्यवसायका लागि तयार रहेको आधुनिक ढङ्गको 'सपिङ कम्प्लेक्स' भाडामा नलाग्दा लामो समयदेखि प्रयोगविहीन बन्न पुगेको छ ।

लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेले 'सपिङ कम्प्लेक्स' भाडामा लगाउन अब तेस्रो पटकको अन्तिम सूचना निकाल्ने तयारी गरिएको बताए । "नगरपालिकाबाट पहिलो र दोस्रो सूचना तीन पटकसम्म निकालिसकेका छौँ, अब तेस्रो पटकको पनि तेस्रो सूचना निकाल्न लाग्दैछौँ," प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले भने "अहिलेसम्म पटकपटक सूचना निकाल्दा पनि भवन भाडा लाग्न सकेको छैन् ।"

नगरपालिकाले पहिलो पटक छ लाख, दोस्रो पटक साँढे चार लाख र तेस्रो पटक तीन लाख १५ हजार रुपैयाँ भाडा तोकेर सूचना जारी गरेको छ ।

# घरघरमै खानेपानीको धारा

**टुडे समाचारदाता**

मलंगवा । सीमावर्ती क्षेत्रस्थित सर्लाहीको पर्सा गाउँपालिका-२, सङ्ग्रामपुरमा वडा



कार्यालयले स्थानीयको घरघरमै खानेपानीको धारा जडान गरिदिएको छ ।

चापाकल सुकेर खानेपानीको हाहाकार मच्चिएपछि वडाले समरसियर मोटरबाट पानी वितरण गर्न सुरु गरेको छ । समरसियर मोटरबाट पाँच हजार लिटरको 'रिर्जभ ट्याङकी' मा पानी जम्मा गरी गाउँभर वितरण गर्न सुरु गरिएको पर्सा गाउँपालिका २ का वडाध्यक्ष राकेश रामले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्म सङ्ग्रामपुरस्थित राम टोल, पासवान टोल र मुस्लिम टोलमा घरघरमै धारा जडान गरेर २४ सैं घण्टा खानेपानी वितरण भइरहेको छ । वडाभित्रका पाँच घर घरधुरीमा यसैगरी खानेपानी पुऱ्याउने योजना अनुसार धमाधम काम भइरहेको वडाध्यक्ष रामले बताए ।

पछिल्लो समय तराई क्षेत्रमा चापाकल सुक्ने समस्या बढ्दै गइरहेको छ । जसका कारण मधेशका गाउँमा खानेपानीको अभाव बढ्दो छ ।

आफ्नो वडामा पनि अधिकांशको घरमा रहेको चापाकल सुकेपछि समरसियल मोटरबाट घरघरमै धारा जडान गरी पानी बाँड्न सुरु गरेको वडाध्यक्ष रामले बताए । घरमै खानेपानीको धारा झरेपछि स्थानीयलाई तत्काल खानेपानीको समस्या टरेको छ ।

# शिक्षक धम्क्याएको आरोपमा पक्राउ

**टुडे समाचारदाता**

सिराहा । अख्तियारको कर्मचारी हुँ भन्दै विद्यालयहरूमा गएर शिक्षक तथा कर्मचारीलाई विभिन्न त्रास देखाएर धम्क्याएको आरोपमा एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

फरक-फरक नाम र ठेगाना बताउने उनलाई प्रहरीले गोलबजार नगरपालिका-३ स्थित आधारभूत विद्यालय जरुवाबाट पक्राउ गरेको छ ।

कहिले रामध्यानि त कहिले रामपुकार यादव र ठेगाना पनि कहिले विष्णुपुर त कहिले लहान बताउने ती व्यक्तिले अख्तियारको कर्मचारी हुँ भन्दै शिक्षकहरुसँग कागजपत्र माग्ने, कक्षा कोठामा गएर बस्ने, नयाँ वनेका भवनहरूको विवरण माग गर्ने गरेको सूचनाका आधारमा खटिएको प्रहरी टोलीले उनलाई आइतबार नियन्त्रणमा लिन सफल भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्स्पेक्टर सुनिल कार्कीले जानकारी दिए ।

इन्स्पेक्टर कार्कीले विभिन्न विद्यालयबाट यस्ता सूचनाहरू आइरहेका भए पनि शिक्षकहरूको सहयोगमा नियन्त्रणमा लिन सफल भएको बताए । नियन्त्रणमा लिए पनि उनको व्यक्तिगत विवरण खुल्ने कुनै कागजात फेला नपरेकाले यकिन गर्ने कार्य भइरहेको उनले बताए ।

पक्राउ परेका व्यक्ति गोलबजार, मिर्चैया, सुखीपुर लगायत क्षेत्रका विद्यालयहरूमा पुग्ने र शिक्षक तथा कर्मचारीलाई त्रसित पार्ने गरेको पाइएको प्रहरीले जनाएको छ ।

# नेपाल मोबाइल व्यवसायी महासंघको गठन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा नेपाल मोबाइल व्यवसायी महासंघको जिल्ला कार्य समिति गठन गरिएको छ ।

लालबन्दी नगरपालिका १३ पत्थरकोटमा सम्पन्न जिल्लाभरका मोबाइल व्यवसायीको भेलाबाट आकाशकुमार श्रेष्ठ अध्यक्ष रहेको १७ सदस्यीय कार्य समिति चयन गरिएको छ ।

समितिमा लालबाबु साह उपाध्यक्ष, बैजु साह महासचिव, खेमचन्द्र थापा कोषाध्यक्ष, रामप्रवेश साह रौनियार सचिव, विजय कुमार लामा सह-कोषाध्यक्षलगायत अन्य सदस्य रहेका छन् । यसैगरी सदस्यहरुमा रामविश्वास महतो, उत्तम कुशवाहा, हसरत अली, पप्पु साह, पदम घिमिरे, अर्जुन कुमार महतो, विकास बराल, ग्रिवराज त्रिपाठी, मन्देश्वर कुशवाहा, दीपेन्द्र महतो र समर लामा रहेका छन् ।

नेपाल मोवाइल व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष मोहन कार्कीको अध्यक्षता तथा महासंघका केन्द्रीय सदस्य छतेन्द्र आचार्यको प्रमुख आतिथ्यतामा भेला सम्पन्न भएको लालबन्दीका मोवाइल व्यवसायी सुदीप बरालले जानकारी दिएका छन् ।

# नवनिर्वाचित पदाधिकारीद्वारा पदभार ग्रहण



**टुडे समाचारदाता**

राजविराज । मदिरा व्यवसायी संघ सप्तरीका निर्वाचित पदाधिकारीहरुले पद तथा गोपनीयताको शपथ लिँदै पदभार ग्रहण गरेका छन् ।

आईतवार एक कार्यक्रमको आयोजना गरी नवनिर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितिका संयोजक निरज कुमार सिंहले पद तथा गोपनियताको शपथ ग्रहण गराएका छन् ।

गत बैशाख २२ गते सम्पन्न संघको दोस्रो जिल्ला अधिवेशनबाट मुकेश कुमार सिंहको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतले चयन गरिएको थियो । नव गठित समितिको उपाध्यक्षमा निरज सिंह, महासचिवमा सुरेन्द्र विमल, सचिवमा कमल साह, सह सचिवमा सुनिल श्रेष्ठ र कोषाध्यक्षमा मुकेश सिंह रहेका छन् । यसै गरी सदस्यमा उपेन्द्र साह, अरुण यादव, बजरंग सिंह, भुषण साह र राम सेवक साह छन् ।

नवगठित कार्य समितिको कार्यकाल ३ वर्षको रहेको छ । पदभार कार्यक्रममा संघका निर्वतमान अध्यक्ष शिव नारायण साह, निर्वाचन समितिका संयोजक निरज कुमार सिंह लगायतले नव निर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिएका थिए ।

# वरिष्ठ पत्रकार बुढाथोकीलाई 'मिडिया प्वाइन्ट सम्मान' प्रदान

काठमाण्डु । निजी क्षेत्रबाट सञ्चालित व्यावसायिक पत्रकारिता प्रशिक्षण संस्था 'मिडिया प्वाइन्ट'ले वरिष्ठ आर्थिक पत्रकार गजेन्द्र बुढाथोकीलाई 'मिडिया प्वाइन्ट सम्मान-२०८१' प्रदान गरेको छ । मिडिया प्वाइन्टको २८औँ वार्षिकोत्सवका अवसरमा टक्सार मासिक पत्रिकाका प्रधान सम्पादक रहेका बुढाथोकीलाई रु १५ हजार पाँच सय ५५ राशिसहित सो सम्मान प्रदान गरिएको हो ।



मिडिया प्वाइन्टका संस्थापक एवम् राष्ट्रिय समाचार समिति (रासस)का पूर्वमहाप्रबन्धक , अर्का संस्थापक अर्जुन बिष्ट वरिष्ठ पत्रकार बुढाथोकीको निवास कपनमै पुगेर आइतबार सो सम्मान प्रदान गर्नुभयो । मिडिया प्वाइन्टको पहिलो समूहका प्रशिक्षार्थी एवम् वरिष्ठ पत्रकार बलराम प्यासीको संयोजनमा भएको सम्मान प्रदान कार्यक्रममा पहिलो समूहका पत्रकारहरु इशुजङ्ग कार्की, किशोर बस्नेत, शिवभक्त सैँजु पनि सहभागिता रहेको थियो ।

राष्ट्रिय पत्रकारिता पुरस्कारलगायत स्वदेशी तथा विदेशी विभिन्न पत्रकारिता पुरस्कारबाट पुरस्कृत भइसकेका वरिष्ठ पत्रकार बुढाथोकीले नेपाल समाचारपत्र दैनिक, राजधानी दैनिकलगायत पत्रिकाहरुमा झन्डै तीन दशक पत्रकारिता गरिसकेका छन् । २०६५ साल असोज १० गते मोटरसाइकल दुर्घटनामा घाइते भएदेखि उनी ह्विलचियरमै बसेर अहिले पनि सक्रिय पत्रकारिता गर्दै आएका छन् । २०५३ जेठ गतेदेखि पत्रकारिता कक्षा सुरुआत गरेको मिडिया प्वाइन्टले सो दिनलाई वार्षिकोत्सवका रुपमा मनाउँदै आएको छ ।यसअघि लगातार पाँच वर्षसम्म क्रियाशील पत्रकारलाई रु पाँच हजार पाँच सय ५५ राशिको मिडिया प्वाइन्ट पत्रकारिता पुरस्कार दिने गरिएता पनि विगत केही वर्षको अन्तरालपछि पहिलोपटक वरिष्ठ पत्रकार बुढाथोकीलाई सो सम्मान गरिएको हो ।रासस


## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

## प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशन मितिः २०८१/०२/०७**

यस कार्यालयको मिति २०८०/१२/०९ को अन्नपूर्ण पोस्टमा प्रकाशित तथा www.bolpatra.gov.np/egp को तपशिल बमोजिमको ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएको बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङं को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समय आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सुचना सम्बन्धित सबैको जनकारीको लागि आज मिति २०८१/०२/०७ मा प्रकशित गरीएको छ ।

**तपशिल**

| S. N. | Contract No. | Description of Works | Name of Successful Bidders | Opening Date, Time and Venue | Remarks |
|---|---|---|---|---|---|
| 1 | NCB/ WOKRS/ LM/2080/81-06 | Religious Tourism Infrastructure Development Work of Gerukadham (Loharpatti Municipality- 4 Khutta) | Ganapati Baba Nirman Sewa Pvt. Ltd. SD/PNS J/V | Date: 2081/02/14 BS Time: 1:00 pm Venue : Office of Municipal Executive, Loharpatti Municipality | |

**प्रमुख प्रशासकीय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# २५ वर्षको यात्रा

जनकपुर टुडे राष्ट्रिय दैनिकले २५ वर्ष पूरा गरी २६ औं वर्षमा प्रवेश गरेकोछ । आधुनिक प्रविधिबाट दैनिक पत्रिका ११X१८ साइजको श्यामश्वेत रंगमा प्रकाशन प्रारम्भ भई आजको दिनमा ब्रोडसिट आकारमा बहुरंगी भई प्रकाशन भइरहेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको कारण सम्पूर्ण क्षेत्र नराम्ररी प्रभावित भयो । त्यसको ठूलो मारमा छापा सञ्चार माध्यम पनि परेको हो । संसारमा धेरै प्रति प्रकाशन र बिक्री हुने पत्रिकाहरुको छापा संस्करण बन्द भएका छन् । नेपालमा पनि पत्रपत्रिकाको अवस्था अत्यन्त दयनीय छ । बिक्री वितरण हुने नियमित प्रतिमा भारी कमी आएकोछ । विज्ञापनको बजार साँगुरिएको छ । पत्रिकामा हुने विज्ञापनहरुमा कमी, पाठकहरुको आकर्षणमा आएको कमीले नकारात्मक असर परेको छ । नेपाली छापा सञ्चार माध्यम पनि अत्यन्त कष्टकर समयबाट गुज्रिरहेको छ । डिजिटलाइजेशनलेपनि छापा सञ्चारमाध्यमलाई धराशायी बनाउन थालेको छ । अनलाइन र डिजिटल प्रविधिसित प्रतिस्पर्धा गर्न छापा माध्यमका लागि ठूलो चुनौती बनेको छ । डिजिटल प्लेटफर्मले तत्कालै पस्कीरहेको समाचार र विचारलाई अर्को दिन छापा माध्यमले पूरा फरक ढंगले प्रस्तुत गर्नुपर्ने हुन्छ । त्यसकालागि अत्यधिक दक्षजनशक्ति आवश्यक हुन्छ । जनशक्तिको अभावमा पत्रिकाले डिजिटल प्रविधिसित प्रतिस्पर्धा गर्न संभव छैन् । पत्रिकाको आयस्रोत रहेको विज्ञापनमा कमी, पाठकको संख्यामा कमीले पत्रिकालाई दैनिक खर्च धान्न धौ धौ परिरहेको अवस्था छ । देशको राजनीतिक परिवर्तन लगायत सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा भएको परिवर्तनमा समेत छापा माध्यमको महत्वपूर्ण योगदान छ । तर अहिले छापा माध्यम बाँच्नलाई संघर्ष गर्नुपरिरहेको छ । पत्रिका प्रकाशनको निरन्तरतामा देखिएको चुनौतीलाई जनकपुर टुडेले पनि सामना गरिरहेको छ । अनेक समस्या र चुनौतीको सामना गर्दै जनकपुर टुडेको प्रकाशन निरन्तर छ । सीमित साधन र स्रोतको भरमा पाठक समक्ष पुगिरहेको छ । जनकपुर टुडे मधेश प्रदेशमा अग्रणी स्थानमा छ । प्रदेशको आठवटै जिल्लाका पालिकाहरु र कोशी प्रदेशको उदयपुर, विराटनगर  र बागमती प्रदेशको सिन्धुली सम्म पत्रिका नियमित रुपमा पुगिरहेको छ । हाल देखिएका चुनौतीहरुको सामना गर्दै आगामी दिनमा अझ बढी प्रभावकारी ढंगले पाठकहरु समक्ष पुग्ने छौ । सरकारले छापा सञ्चारलाई जोगाउन सरकारी सूचनाहरुलाई सरकारी सञ्चारमाध्यममा मात्र केन्द्रित न गरी निजी क्षेत्रका छापा सञ्चारमाध्यमलाई पनि उपलब्ध गराइनु पर्छ । सरकार उदार भएर निजी क्षेत्रको छापा सञ्चारलाई विज्ञापन उपलब्ध गराउने संयन्त्रको विकास गर्नुपर्छ । २५वर्ष सम्म सहयोग र साथ पाए जस्तै आगामी दिनमा पनि यहाँहरुको साथ र सहयोग निरन्तर पाइरहने विश्वास लिएका छौ । वार्षिकोत्सवको अवसरमा सम्पूर्ण पाठक, विज्ञापनदाता, स्तम्भकार, शुभेच्छुकहरुमा हार्दिक आभार प्रकट गर्दछौ ।

# नेपालको कृषि र सत्ताको नीतिगत द्वैधता



**दिपेश नेपाल/सरोज खतिवडा**

हाम्रो संविधानले पर्यावरणमैत्री कृषिको परिकल्पना गरेको छ । दिगो विकासका लक्ष्यले पनि पर्यावरणीय कृषिकै वकालत गर्छ । तर कृषिलाई लिएर हाम्रा सरकार तथा सरकारमा भएका राजनैतिक दलहरूले अख्तियार गर्ने नीति र देशको मूल नीति बीच सधैं विरोधाभास देखिन्छ । दुर्भाग्य देशमा विद्यमान तीनै तहका सरकार तथा दलहरूले सिद्धान्तको रूपमा समाजवादउन्मुख राज्य स्वीकारेको तर व्यावहारिक रूपमा पूँजीवादी व्यवस्थालाई आत्मसात् गर्ने दोहोरो चरित्रको कारण प्राथमिक उत्पादनको क्षेत्रमा विकृति बढ्दै गहिरहेको छ ।

यदि स्थानीयदेखि संघसम्म सरकारमा र प्रतिपक्षमा रहने राजनैतिक दल तथा तिनका प्रतिनिधिहरू देशको मूल कानुन र दिगो विकासको लक्ष्यप्रति इमानदार हुने हो भने अहिलेको नीति तथा कार्यक्रममा कृषिका व्यवस्थाहरूलाई अघिल्ला वर्षहरूको भन्दा १८० डिग्रीमा परिवर्तन गर्नुको विकल्प छैन । हामीले यस लेख मार्फत हाम्रा सरकारहरू कसरी आफ्ना नीति तथा कार्यहरू मार्फत कथित आधुनिकीकरण, उत्पादकत्व केन्द्रित, यान्त्रिकीकरण तथा कृषि विकासको नाममा देशको संविधान, दिगो विकासका लक्ष्यहरू तथा वातावरण र पर्यावरणको विनाश गरिरहेका छन् भनेर चर्चा गर्ने प्रयास गरेका छौं । स्वाभाविक रूपमा कृषि विकासको लागि निर्माण गरिएका सबै रणनीति, नीति, आवधिक योजना तथा सरकारले हरेक वर्ष बनाउने नीति तथा कार्यक्रमको आधारभूत सिद्धान्तको रूपमा नेपालको संविधानले प्रदान गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त त्यस्तै दिगो विकास लक्ष्य र कृषि विकास रणनीतिलाई उल्लेख गरेको पाइन्छ ।

नेपालको संविधानले कृषि र भूमिसुधार सम्बन्धी नीतिमा उल्लेख गरेर होस् या प्राकृतिक साधन-स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीतिमा उल्लेख गरेर होस् राज्यको उत्पादन प्रणालीलाई प्रकृति र पर्यावरणको संरक्षण गर्दै तुलनात्मक लाभको कृषि प्रणालीलाई अख्तियार गर्न प्रोत्साहन गरेको छ ।

नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा त कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्ने कुराको उल्लेख गरिएको छ । संविधानमा कुनै धारा वा व्यवस्थाले माटो र मानव स्वास्थ्य बिगार्ने गरी रसायन, विषादीको प्रयोग, किसानलाई नै किसानीबाट बेदखल गर्ने यान्त्रीकरण र औद्योगीकरण, प्रकृति र वातावरण नै बिगार्ने किसिमको आधुनिकीकरणको पक्षपोषण गर्दैन ।

सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले दिगो विकास लक्ष्यलाई अनुमोदन गरेपछि नेपालमा राष्ट्रिय योजना आयोगले 'दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०' सन् २०१७ मा प्रकाशनमा ल्यायो । यसको कार्यसूचीमा भएका १७ लक्ष्य, १६९ परिणामात्मक लक्ष्य र २३४ वटा विश्वव्यापी सूचकहरूको अतिरिक्त २४५ थप सूचक सहित ४७९ सूचकहरू निर्धारण गरी दिगो विकासका लक्ष्यलाई हरेक विकास योजना र बन्ने नीतिहरूमा प्रयोग गर्ने भनियो ।

पन्ध्रौं आवधिक योजनालाई त दिगो विकासका सबै लक्ष्य समावेश गरिएको आवधिक योजना भनेर व्यापक प्रचार पनि गरिएको थियो । दिगो विकासका १७ वटा लक्ष्यमध्ये ५ वटा प्रत्यक्ष र अरू परोक्ष रूपमा कृषि तथा प्राथमिक उत्पादनका क्षेत्रहरूसँग जोडिएर आउँछन् । तर, जब कृषि क्षेत्रका नीति, नियम, योजना र कार्यक्रम बनाइन्छ सबैमा कृषि विकास रणनीति (ए.डी.एस.) को उत्पादकत्व केन्द्रित व्यावसायिक उत्पादन प्रणालीको प्रभुत्व रहन्छ ।

यसरी संविधान र दिगो विकासका लक्ष्यलाई आधारभूत सिद्धान्तको रूपमा आत्मसात् गर्ने दिगोपना र स्थायित्व प्राप्त गर्ने हतियारको रूपमा बजार र राजनीतिलाई प्रस्तुत गरिएको छ । यो आफैंमा विरोधाभासपूर्ण छ ।

एकातिर राज्य संरचना संघीयतामा जानु अगावै विकसित भएको यस रणनीतिको औचित्य राज्य संघीयतामा गएसँगै कमजोर भयो भने अर्कोतर्फ उत्पादकत्व र वृद्धिको लक्ष्य प्राप्तिको लागि अघि सारिएको आधुनिकीकरण, यान्त्रीकरणले कृषि क्षेत्रमा कायापलट ल्याउने अपेक्षा गरिएको यो रणनीति हाम्रो संविधानले आत्मसात् गरेको कृषि तथा दिगो विकासको लक्ष्यले तय गरेको कृषिको विरुद्धमा प्रयोग हुने हतियारको रूपमा देखिन्छ ।उदाहरणको रूपमा दिगो विकासको दोस्रो लक्ष्यमा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने तथा दिगो कृषिको प्रवर्द्धन गर्ने भनेर भनिएको छ । यही दस्तावेजलाई सिद्धान्तको रूपमा अघि सारेको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा रासायनिक मलको कारखाना तथा रासायनिक मलको दिगो आपूर्ति सम्बन्धी कार्यक्रम निर्माण गरिएको छ ।



दस्तावेजहरूकै कृषि विकासका कार्यक्रमहरूमा भने कृषि विकास रणनीतिमा उल्लिखित व्यवसायीकरण, आधुनिकीकरणका नाममा अप्राकृतिक उत्पादकत्व केन्द्रित उत्पादन प्रणालीलाई प्राथमिकतामा राखिन्छ । जसको असर पन्ध्रौं आवधिक योजनाको कार्यान्वयन र वर्षेनि बन्ने नीति तथा कार्यक्रम जस्ता कर्मकाण्डी दस्तावेजमा स्पष्ट देखिन्छ ।

नेपालको कृषि विकासलाई बाटो देखाउने भनेर वि.सं. २०५१ देखि २०७१ सम्मको लागि निर्माण गरिएको दीर्घकालीन कृषि योजनाले लक्षित उपलब्धि हासिल गर्न सकेन । यस अवस्थामा एसियाली विकास बैंक र दातृ निकायहरूको सहयोगमा २० वर्षको आवधिक कृषि विकास रणनीति (वि.सं. २०७२- २०९२) को निर्माण भयो ।

आत्मनिर्भरता, दिगोपन, प्रतिस्पर्धी, समावेशी, जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा जस्ता परिकल्पनामा आधारित यो बीस वर्षे रणनीतिलाई प्राप्त गर्ने बाटोको रूपमा सुशासन, उत्पादकत्व, नाफामूलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमतालाई अगाडि सारिएको छ । जसमा प्रकृति, जीवन,

यही आ.व.को बजेटमा रासायनिक मल खरिदको लागि मात्रै कुल कृषि बजेटको ६० प्रतिशत रकम छुट्याइएको छ भने यसको विपरीत दिगो विकासको सिद्धान्तसँग मेल खाने प्रांगारिक उत्पादन तथा प्रकृतिमैत्री खेतीका कार्यक्रमहरू नीति तथा कार्यक्रमदेखि खिइँदो बजेटसम्म आइपुग्दा अस्तित्वमा समेत देखिंदैनन् । जसको कारणको रूपमा जिम्मेवार निकायहरूले कृषि विकास रणनीतिमा उल्लिखित उत्पादनको लक्ष्य प्राप्तिलाई देखाउने गरेका छन् ।

यस्तै अर्को उदाहरण हेरौं, आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आफ्नो कुल बजेटको करिब ५ प्रतिशत बजेट पर्यावरणीय कृषि प्रवर्द्धन गर्नका लागि छुट्याएको थियो तर आर्थिक वर्ष २०७८/८९ मा घटाएर १ प्रतिशतमा सीमित गरिएको थियो । यसरी छुट्याएको रकम पनि यो वा त्यो बहानामा आर्थिक वर्षको अन्त्यसम्म अर्को शीर्षकमा रकमान्तर हुँदै सकियो ।आर्थिक वर्ष २०७९/८० मा पनि नीति तथा कार्यक्रममा थोरै समेटिएको पर्यावरणीय कृषि प्रोत्साहन गर्न भने सरकारले कन्जुस्याइँ गरेको थियो । आर्थिक वर्ष २०८०/८१ को त नीति तथा कार्यक्रममै पर्याप्त प्राथमिकतामा नपरेको पर्यावरणीय कृषि बजेटमा पर्ने कुरै भएन ।

हरेक वर्ष सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अन्य क्षेत्रमा जस्तै कृषिमा पनि नयाँ होस् भन्ने अपेक्षा रहन्छ । तर विगतका धेरै नीति तथा कार्यक्रमहरूमा कृषि सम्बन्धी व्यवस्थाहरू संविधान तथा दिगो विकासका लक्ष्य विपरीत, अव्यवस्थित र अन्दाजी मात्र होइन एउटै अनुच्छेदमा बाभिने व्यवस्था समेत देख्न सकिन्छ ।यसरी आउने नीति तथा कार्यक्रमहरूमा भाषा र भाष्य मात्रै पनि आफैमा दोहोरिएर आउँछन् । परिणामस्वरूप दशकौंदेखि थला परेको हाम्रो कृषि, किसान र किसानी मात्र होइन आउँदो पुस्ताको लागि सुरक्षित हुनुपर्ने वातावरण र पर्यावरण समेत बिग्रदै गएको छ ।

अन्त्यमा, मानवीय कार्यबाट पृथ्वीमा अहिले देखिएका समस्या एकदमै डरलाग्दा छन् । विश्वको तापमान बढिरहेको छ । ओजोन तह पातलो हुँदै छ । हिमाल रित्तिँदै छन् । दुनियाँभरमा खानेपानीको हाहाकार बढ्दैछ । समुद्रको सतह बढेसँगै केही देशहरूकै मानचित्र हराउँदैछ । विभिन्न प्राकृतिक विपत्ति र महामारी बढ्दै छन् ।

यी आदित्यादि कारणहरूले संसारबाट मानवकै अस्तित्व खतरामा भएको विभिन्न अध्ययनले देखाउँदै आएका छन् । हुनत संसारमा यस्तो अवस्था आउनमा हाम्रो जस्तो सानो जनसंख्या भएको सानो मुलुकको न त धेरै भूमिका छ न यी यावत् समस्याको प्रभावकारी समाधान गर्ने वा न्यूनीकरण गर्ने ल्याकत नै छ ।

तर हाम्रो आफ्नो स्थानबाट प्रकृति र पर्यावरण जोगाउने, यसको दिगो प्रयोग गर्ने र आउँदो पुस्तालाई पनि सकभर स्वस्थ तथा सुरक्षित वातावरण हस्तान्तरण गर्ने हो भने हाम्रा नीति, कार्यक्रम, नारा, भाषण र व्यवहार सबै बदल्न जरूरी छ । देशका नीतिहरू बदलिन जरूरी छ । नीति निर्माताहरू बदलिन जरूरी छ । नीति कार्यान्वयन गर्ने हर्ताकर्ताहरू बदलिन जरूरी छ । बोलीको मात्रै खेती गर्नेहरू बदलिन जरूरी छ । किसानी बदलिन जरूरी छ र कृषि राजनीति बदलिन जरूरी छ । समग्रमा हामी सबैको मन, बचन र कर्म बदलिन जरूरी छ ।

तर दुर्भाग्य, अब बन्ने नीति तथा कार्यक्रम निर्माणका मुख्य आधारहरू, नयाँ सरकार निर्माण गर्दा गरिएको पाँच राजनीतिक दलको न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प, १६औं आवधिक योजनाको अवधारणा पत्र, विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता तथा पछिल्ला वर्षका नीति तथा कार्यक्रमहरू नै हुन् । अक्षरशः उही भाषा नभए पनि आउँदो नीति तथा कार्यक्रममा कृषिको कस्तो नीति तथा कार्यक्रम आउला भन्ने कृषि राजनीतिमा थोरै मात्र पनि चासो भएका मानिसहरूले सजिलै अनुमान लगाउन सक्छन् ।

कुनै चमत्कार नहुँदासम्म यसरी नामका मात्रै, प्रयोग शून्य र दोहोरो बाटो समातेका, रुमानी नारैनाराले भरिएको नीति तथा कार्यक्रमले नेपालको कृषि क्षेत्रको विकासमा तात्विक फरक पार्दैन । साथै प्रायोजित कृषिकै कारण हामीले बिगार्दै र भोग्दै आएका वातावरणीय समस्याहरू पनि थपिनेछन् ।अनलाइन खवर

# विकासको उपहास : पुल एकातिर, खोला अर्कैतिर

**सन्तोष गौतम**

जलवायु परिवर्तन र नदीको पानीको बहावको राम्ररी विश्लेषण नगरी पुल निर्माण गर्दा पुल एकातिर र नदी अर्कैतिर बग्ने अवस्था बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण गरिएका पक्की पुलमा पनि देख्न सकिन्छ । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको यस सडक खण्डअन्तर्गत कालीगण्डकीका सहायक नदीमा निर्माण गरिएका कतिपय पक्की पुल प्रयोजनहीन बन्न पुगेका छन् भने अर्को स्थानमा पुल निर्माण गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको पाण्डाखोलामा २०७६ सालमा ५० मिटर लामो पक्की पुल, दुई वटा कल्भर्ट र १०० मिटर पहुँचमार्ग निर्माण भएको थियो । बेनी-जोमसोम-कोरला सडक आयोजनाअन्तर्गत तत्कालीन अवस्थामा मुस्ताङ कार्यक्षेत्र भएको सडक डिभिजन कार्यालय बागलुङमार्फत पाण्डा लुप्रा खोला मोटरेबल पुल निर्माणका लागि २०७३ सालमा लोकप्रिय शङ्कर माली जेभीले रु नौ करोड ९० लाखमा ठेक्का लिएको थियो ।

जोमसोमदेखि वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिका हुँदै चीनको सिमाना कोरला नाका जोड्ने सडकमा पर्ने पाण्डाखोलाको पुलको सतहसम्म नै गेग्रान थुप्रिएको छ । हरेक बर्खामा आउने बाढीले जोमसोम-कागबेनी-कोरला सडकमा यातायात प्रभावित हुने गरेको छ । त्यतिबेलाको मापदण्डअनुसारकै उचाइ भएको पुल बने पनि कालीगण्डकीको सहायक पाण्डा खोलामा आउने बाढी र थुप्रिने गेग्रानले पुल जोखिममा परेको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुवकुमार झाले बताउनुभयो ।

"धार परिवर्तन गरिरहने मुस्ताङका खोलाहरु सधैँ एकै ठाउँबाट नबग्ने भएकाले एकातिर पुल बन्ने, खोला अर्कैतिरबाट बग्ने समस्या देखिएको हो", उहाँले भन्नुभयो, "खोलाले धार परिवर्तन गरिरहने र अनपेक्षित बाढीका कारण पुल निर्माणका लागि फरक डिजाइन र उपाय खोज्नुपर्ने अवस्था आएको छ ।"

घरपझोङ गाउँपालिकाको मार्फाखोलामा बेमौसमी बाढीले मोटर गुड्ने पक्की पुल निर्माण र यातायात सञ्चालन प्रभावित बनाएको छ । १२० मिटर लामो पुल निर्माणाधीन अवस्थामा रहेको मार्फाखोलामा गत चैतमै बाढी आएको थियो । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागबेनीमा छ वर्ष लगाएर निर्माणको अन्तिम चरणमा पुगेको २५ मिटर लामो पक्की पुल गत साउन २९ गते कागखोलामा आएको बाढीले बगायो । तत्कालीन सडक डिभिजन कार्यालयले २०७३ असारमा गाल्वा एण्ड रफिना जेभीसँग रु. दुई करोड ८८ लाखमा ठेक्का सम्झौता गरेर बेनी-जोमसोम-कोरला सडक आयोजनालाई हस्तान्तरण गरेको यो पुलको दुबैतर्फको खम्बा रहे पनि गाडी गुड्ने भाग बाढीले बगाएको हो ।




म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ स्थित रुप्से र मुस्ताङको खहरेखोलामा २०७७ साउनमा आएको बाढीले निर्माणको क्रममा रहेका पुलका संरचनामा बाढीले तहसनहस बनाएपछि डिजाइन परिवर्तन गरेर दुरी बढाएर नयाँ प्रक्रियाबाट बनाउन पुरानो ठेक्का तोडिएको छ । ४० मिटर लम्बाई भएको रुप्से खोलाको पुलको दुईतर्फ पिल्लर उठाएर ६६ प्रतिशत र ढलान गर्ने अवस्थामा रहेको ८५ प्रतिशत प्रगति भएको खहरेखोलाको पुलको जग नै खल्बलाउने गरी बाढीले बगाएको थियो । रुप्सेखोलामा पक्की पुलको विकल्पमा बेलिब्रिजबनाएर यातायात सञ्चालन गरिएको छ ।

भूगोल र प्राकृतिक विपद्का कारण डिजाइन संसोधन गरी लम्बाई बढाउन पुरानो ठेक्का तोडेर नयाँ प्रक्रिया अघि बढाएको बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ । आयोजनाका इञ्जिनीयर विष्णु चापागाईका अनुसार कागबेनीको पक्की पुलको बिमा मूल्याङ्कनको चरणमा छ ।

पाण्डाखोला र छुसाङको खालीगण्डकीमा निर्माण भएको पुलले खोलाको सबै भाग समेट्न नसकेपछि अर्को ५० मिटर लामो अर्को पुल बनाउन प्रस्ताव समेत गरिएको छ । बाढी र नदीले धार परिवर्तन गर्ने समस्या समाधानका लागि पक्की पुलको उचाई र दूरी बढाउनुपर्ने भएको हो ।

विश्वव्यापी तापक्रम वृद्धि र मौसममा भएको परिवर्तनका कारण मुस्ताङको जनजीवन प्रभावित, विकास आयोजनाका संरचनामा क्षति र विपद्को जोखिम बढेको डिभिजन वन कार्यालय मुस्ताङका प्रमुख मनोज रानाभाटले बताउनुभयो । "पानी धेरै पर्न थालेपछि माटोले छाएका घर, गुम्बाहरु चुहिने, भत्किने, खोलामा बाढी आएर कटान गर्ने, नदीमा गेग्रान थुप्रिएर बगर वस्ती भन्दा अग्लो हुने, बस्तीमा कटान हुने, खोलाले धार परिवर्तन गर्ने समस्या बढेको हो," उहाँले भन्नुभयो "सडक, पुल र भवन जस्ता सार्वजनिक भौतिक संरचनाको दिगोपनाका लागि मौसम, बाढी, पहिरोको विगतको अवस्थालाई आधार बनाएर डिजाइन गर्नुपर्छ ।"

बेनी-जोमसोम-कोरला सडक योजना अर्न्तगत १४ ठाउँमा ठूला पहिरो छन् । म्याग्दीको रघुगङ्गा गाउँपालिका वडा नम्बर-१ बेगखोला, वडा नम्बर -२ माझखर्क, कुनौटो, रिठाबोट, वडा नम्बर -३ मा पर्ने बैसरी, चमेरे र गलेश्वर पारी राहुघाटमा पहिरोले सडक निर्माण र यातायात सञ्चालन प्रभावित बनाएको छ । अन्नपूर्ण गाउँपालिका-२ मा पर्ने नागढुङ्गा, भुरुङभीर, वडा नम्बर-६ मा पर्ने टिम्मुरेभिर क्षेत्रको साँघुरो भूगोल, छेउकै कालीगण्डकी नदी र बारम्बार माथिबाट खस्ने पहिरोले सडक जोखिम बनाएको छ ।

अन्नपूर्ण गाउँपालिकाको वडा नम्बर ३ दानाको गुइठेभिर, खाम भित्ता, लाटाखोलामा वर्षेनी निरन्तर माथिबाट पहिरो झर्ने तथा कालीगण्डकीले कटान गरिरहेको छ । खामभित्तामा तलबाट कालीगण्डकीले कटान गरेको र माथिल्लो खण्डमा संरक्षण विना डोजर चलाएर सडक खनिएकाले पहिरो गएको देखाएको छ । काभ्रे, घोप्टेभिर र बादरजुङ भिरमा रक फलको समस्या छ । मुस्ताङको घासा नजिकै खहरेखोला क्षेत्रमा पहिरो र कालीगण्डकी नदीको कटानको दोहोरो समस्या छ । लेतेखोला क्षेत्रमा पनि पहिरोको समस्या छ ।

कालीगण्डकी नदीको किनार र कडा चट्टान भएको अन्नपूर्ण गाउँपालिकाको भिरकाटे क्षेत्रमा सडकको विकल्पमा ३८४ मिटर लामो सुरुङ बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारी बजेट व्यवस्थापनका लागि प्रस्ताव गरिएको छ । कालीगण्डकी नदीको कटानको जोखिम रहेको सो ठाउँमा सुरुङमार्ग बनाउन रु. ९० करोड लागत अनुमानसहितको डिपिआर तयार पारिएको हो ।

रक फल हुने काभ्रेभिरको सडकलाई फराकिलो र ग्रेड सुधार गरेर सुरक्षित बनाउन 'रक एन्करिङ/रक नेलिङ' गर्न थालिएको बेनी जोमसोम कोरला सडक योजनाका सव इञ्जिनियर गणेशमान श्रेष्ठले बताउनुभयो । "बादरजुङ भिरमा कालीगण्डकीको कटान नियन्त्रणका लागि खोला डाइभर्सन गरेर सडक संरक्षण गर्न थालिएको छ," उहाँले भन्नुभयो "बाढीले बगाएको निर्माणाधीन रुप्सेखोला र खहरेखोलाको पुलको ठेक्का तोडिएको छ ।" भुरुङ्गखोला र रुप्सेखोलामा बेलिब्रिज जडान र रुप्सेमा भित्ता काटेर पहिरो पन्छाउने तथा सडक फराकिलो बनाउने काम अन्तिम चरणमा रहेको उहाँले बताउनुभयो ।

बेनी-जोमसोम-कोरला सडकमा बाढी, पहिरो र कटानको समस्या समाधानका लागि अल्पकालीन र दीर्घकालीन योजना सञ्चालन गर्न स्थानीय सरोकारवालाले माग गरेका छन् । तत्कालीन रुपमा कटानको जोखिममा रहेको ठाउँमा कालीगण्डकीलाई डाइभर्सन र माथिबाट खस्ने पहिरो रोकथामका लागि भूमिगत पानी व्यवस्थापन गर्न बजेट व्यवस्थापन गर्नुपर्ने म्याग्दीका प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताउनुभयो । पहिरो र कटानको जोखिम भएको ठाउँमा विस्तृत अध्ययन गरी थप आयोजना सञ्चालन गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो । म्याग्दीको बेनीदेखि मुस्ताङको लेतेसम्मको खण्डमा रहेका पहिरो, कटान र बाढीका कारण यातायात प्रभावित हुने गरेको छ । यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र पहिरो पन्छाउने काममा राज्यको ब्ययभार बढेको छ ।

"बाढी, कटान र पहिरो नियन्त्रणको काम तत्काल गर्न नसके नियमित यातायात सञ्चालन गर्न समस्या हुनुका साथै निर्माण भएका संरचनामा क्षति पुग्ने देखिएको छ," आयोजना प्रमुख झाले भन्नुभयो "सडक निर्माण गर्दा पहिरो जाने सम्भावित क्षेत्रको अध्ययन नभएको र त्यही अनुरुप डिपिआर निर्माण नगरिएकाले नियन्त्रणका लागि विस्तृत अध्ययन गरेर योजना सञ्चालन गर्न भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा योजना र बजेट माग गरेका छौँ ।"भारतको सिमानामा रहेको त्रिवेणी र चीनको कोरला नाकालाई जोड्ने कालीगण्डकी कोरीडोर सडक राष्ट्रिय गौरवको आयोजना हो । गण्डकी प्रदेशको 'भाग्यरेखा' मानिएको यो सडक पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिक विकासका लागि महत्वपूर्ण मानिएको छ ।

पर्वतको मालढुङ्गादेखि म्याग्दी हुदै मुस्ताङको कोरला नाकासम्मको २०२ किलोमिटर दूरीको सडक स्तरोन्नति र सडकमा पर्ने खोलाहरुमा पुल निर्माण गर्न २०७४सालदेखि जोमसोममा कार्यालय स्थापना गरेर काम थालिएको थियो । १४ खण्डमध्ये हालसम्म आठ खण्डमा निर्माण सकिएको योजनाको २०८० फागुन मसान्तसम्मको भौतिक प्रगति ७८ प्रतिशत छ । छ वटा खण्डमा ८५ किलोमिटर ग्राभेल र ४८ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ । यस सडकमा १३ वटा पक्की पुल र तीनवटा बेलिब्रिज निर्माण भएको छ । छ ठाउँमा पक्की पुल निर्माणाधीन छन् ।रासस

# सहमतिका साथ अघि बढ्न उपप्रधानमन्त्री लामिछानेको आह्वान

काठमाण्डु । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आरोप-प्रत्यारोपको शृंखला अन्त्य गरेर सहमतिका साथ अघि बढ्न आह्वान गर्नुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा आफ्ना भनाइ राख्नेक्रममा उहाँले सदनलाई मर्यादित रुपमा अगाडि बढाउन सबै दलहरु जिम्मेवार बन्नुपर्ने बताउनुभयो । "सदनलाई मर्यादित रुपमा अगाडि बढाऔं । सदनमा झडपको अवस्था सिर्जना हुनु राम्रो होइन, देशलाई आशा र भरोसा जगाउन सबै जिम्मेवार बनौं । हूलहुज्जत र बल मिचाइले सदन चन्दैन", उहाँले भन्नुभयो ।सहकारी संस्थाहरुको रकम अपचलन भएको विषयमा संसदीय छानबिन समिति गठन गर्दा व्यक्तिविशेषलाई केन्द्रित नगरी समग्र समस्या हल गर्नेगरी गरिनुपर्ने उहाँको भनाइ छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले उपप्रधानमन्त्री लामिछानेलाई विभिन्न सहकारी संस्थाको रकम अपचलन गरेको आरोप लगाउँदै आएकामा लामिछानेले भने त्यसको प्रतिवाद गर्नुभयो । "सहकारीका विषयमा अदालतमा मुद्दा छैन, कसैको बयानले मलाई पोलेको छैन", उहाँले भन्नुभयो, "कुनै पनि ज्ञापनपत्रमा मेरो बारेमा उल्लेख गरेको छैन । मेराबारे सहकारीका सम्बन्धमा धेरै समाचार आए । हल्ला र मिडिया ट्रायलका भरमा समिति बनाउँदै जाने हो भने हामीले कस्तो संसदीय अभ्यास बनाउँदैछौं भन्ने प्रश्न आउँछ ।"



छानबिन समितिको कार्यदिश तय गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल कठोर भएर उपस्थित भएको र व्यक्ति विशेष छानबिन थालिनुपर्ने अडानमा कायम रहँदा सहमति जुट्न नसकेको लामिछानेको भनाइ छ ।

"प्रतिपक्षले लचकताका आधारमा समिति बनाउने कुरामा सहमति गरेर आएका हौं, तर कार्यदिशको विषय नटुङ्गिँदै मिडियामा आइसक्छ । तपाईंहरुले कस्तो किसिमको समिति बनाउन खोज्नुभएको हो ?, रास्वपालाई बाहिर राखेर समिति गठन गर्ने भए पनि गर्नुस्", गृहमन्त्री लामिछानेले भन्नुभयो ।

नयाँ दलका रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदाएको विषयलाई पुरानो र लामो संसदीय अभ्यास गुजारिसकेको नेपाली कांग्रेसले सहन नसकेको उहाँको आरोप थियो । उहाँले भन्नुभयो, "लोकतन्त्र र संविधानका आधारमा रास्वपा भर्खरै हुर्केको हो तर यहाँ निमोठ्ने प्रयास भयो । एउटा व्यक्तिलाई खुइल्याउने, सदनमा बोल्न नदिने अनि समस्याको समाधान गर्न पहल पनि गर्न नदिने स्थिति बन्यो ।

"उपप्रधानमन्त्री लामिछानेले सहकारी समस्या समाधानका लागि व्यक्ति केन्द्रित नभई समस्या केन्द्रित रहेर जानुपर्नेमा सरकार सदैव तयार रहेको बताउनुभयो । उहाँले समस्याग्रस्त सहकारीमा सबैभन्दा पहिला बचतकर्ताको रकम फिर्ता गर्न सरकार तयार रहेको पनि स्पष्ट पार्नुभयो । उहाँले यही अधिवेशनमार्फत सहकारीका समस्या समाधानका लागि कुनै कानुन बनाएर जानसकिने भन्दै त्यस प्रक्रियामा सहजीकरण गर्न प्रतिपक्षी दललाई आग्रह गर्नुभयो ।यसअघि विभिन्न समयमा उठेका आर्थिक अनियमितताका उदाहरण दिँदै उपप्रधानमन्त्री लामिछानेले ती घटनामा पनि छानबिन थालिनुपर्ने धारणा राख्नुभयो । सहकारी ठगीको विषय फौजदारी कसुरको विषय भएकाले सोहीअनुसार अनुसन्धान र अभियोजनलगायत कानुनी प्रक्रियामा जानुपर्ने उहाँको भनाइ छ ।

उपप्रधानमन्त्री लामिछानेले समस्या केन्द्रित छानबिन अगाडि बढ्दा आफूले त्यसलाई सहजै स्वीकार्ने र आफूमाथिको छानबिनका लागि सहजीकरण गर्न तयार रहेको स्पष्ट पार्नुभयो । "संसदीय छानबिन समिति बनाउनूस्, म परीक्षित हुन तयार छु । सञ्चारमाध्यममा समाचार आएकै भरमा व्यक्ति केन्द्रित विषयमा समिति बनाउने होइन । समस्या केन्द्रित भएर छानबिन गरिनुपर्छ", उहाँले भन्नुभयो ।

प्रतिनिधिसभाको आइतबारको बैठक निर्धारित कार्यसूचीअनुसार अगाडि बढ्न सकेन । उपप्रधानमन्त्री लामिछानेको सम्बोधनपछि प्रमुख प्रतिपक्षी दल कांग्रेसले उठेर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले आजका लागि निर्धारित विषयहरु कार्यसूचीबाट हटाएको जानकारी दिनुभयो । प्रतिनिधिसभाको अर्को बैठक जेठ ७ गते सोमबार बिहान ११ बजे बस्नेछ ।रासस

# मन्त्रालयमा छड्के : १६ कर्मचारी अनुपस्थित, ७८ ढिला उपस्थित

**टुडे समाचारदाता**

काठमाण्डु । संघ अन्तरगतका चार मन्त्रालयमा छड्के अनुगमन गर्दा कर्मचारीको ढिलासुस्ती र अनुपस्थिती हुने क्रम कायमै रहेको देखिएको छ । आइतबार राष्ट्रिय सतर्कता केन्द्रले सिंहदरवारभित्रका शिक्षा, विज्ञान तथा प्रविधि, गृह , उद्योग वाणिज्य तथा आपूर्ति र परराष्ट्र मन्त्रालयका कर्मचारीले समय पालना गरे/नगरेको, तोकिएका पोसाक लगाए/नलगाएको लगायत विषयमा अनुगमन गरेको हो ।




सतर्कता केन्द्रका सूचना अधिकारी हरिप्रसाद शर्माका अनुसार अनुगमनका क्रममा शिक्षा मन्त्रालयमा सात र गृह मन्त्रालयमा नौ गरी १६ जना कर्मचारी अनुपस्थित देखिएका छन् । त्यस्तै, अनुगमनका क्रममा तोकिएको कार्यालय समयभन्दा ढिला आउने कर्मचारीको संख्या ७४ जना भेटिएको थियो । सूचना अधिकारी शर्माका अनुसार शिक्षा मन्त्रालयका सात, गृह मन्त्रालयका ३४, उद्योग मन्त्रालयका दुई र परराष्ट्र मन्त्रालयका १० जना तोकिएको कार्यालय समयभन्दा ढिला कार्यालय आएको भेटिएको थियो ।

अनुगमनका क्रममा शिक्षा मन्त्रालयका चारजना कर्मचारी आफ्नो कार्यकक्षमा नभेटिएको पनि सतर्कता केन्द्रले जनाएको छ ।

अनुगमनका क्रममा ती मन्त्रालयहरुमा तोकिएको पोसाक नलगाउने कर्मचारीको स_ृ_या पनि उल्लेख्य देखिएको छ । शिक्षा मन्त्रालयका नौ, उद्योग मन्त्रालयका दुई र परराष्ट्र मन्त्रालयका नौ गरी २० जना कर्मचारी तोकिएको पोसाक नलगाईकन कार्यालयमा उपस्थित भएको सतर्कता केन्द्रले जनाएको छ ।

अनुगमनका क्रममा शिक्षा मन्त्रालयमा सेवाग्राही सहायता कक्ष , अपाङ्गमैत्री कार्यस्थल , प्रतीक्षालय , चमेनागृहको सरसफाइ राम्रो नदेखिएकोलगायत कैफियत सतर्कता केन्द्रले भेटाएको छ ।

## बाह्य हस्तक्षेप अन्त्य होस : नेता पोखरेल

**टुडे समाचारदाता**

दाङ । नेकपा (एमाले)का महासचिव शङ्कर पोखेलले आन्तरिक मामिलमा विदेशी हस्तक्षेप स्विकार्य नहुने बताएका छन् । प्रेस चौतारी दाङले आइतबार तुलसीपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले वर्तमान गठबन्धन बाह्य हस्तक्षेप बिना गठन भएको बताए ।

साना दललाई नयाँ समीकरणविरुद्ध खडा गर्ने प्रयत्न भइरहेको उनले जानकारी दिए । विगतमा एमाले फुटाउन ल्याइएको २० प्रतिशतको कानुनअनुसार अहिले साना दलमा फुट आएको उनले बताउदै दललाई फुटाउन अहिले २० प्रतिशत ल्याएको भनी गलत सन्देश दिन खोजिएको उनको भनाइ थियो ।

संसद्मा भइरहेका गतिविधिले सुखद सन्देश नदिएको उनको धारणा छ । "आफूमाथि लागेको आरोपका विषयमा संसद्मा बोल्न पाउनुपर्छ, भन्ने कुरा अस्वीकार गर्ने कुरा उचित होइन, बोल्ने अधिकारकै लागि यत्रो बलिदानी, सङ्घर्ष भएको हो", उनले भने, "एउटा पार्टीको सभापतिले म माथि लागेको आरोपलाई संसद्मा उभिएर बोल्न चाहन्छु भन्ने कुरालाई रोक्नु उचित होइन ।"

नेपालमा राजनीतिक अस्थिरता, अराजकता र मौलिक संस्कृति माथि अतिक्रमण मुख्य समस्या रहेको उनको भनाइ छ । नेपालमा पछिल्लो समय आर्थिक सुधारका सूचक सकारात्मक रहेको उनले बताए । रासस

# राप्रपाको बैठक आह्वान

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले केन्द्रीय समितिको बैठक तीन दिन सम्म काठमाडौंमा आह्वान गरेको छ ।



पार्टीले उठाउँदै आएको हिन्दूराष्ट्र, सङ्घीयतालगायत विषयमा वैचारिक दृष्टिकोण, देशभर पार्टी सङ्गठनको अवस्था, जनवर्गीय सङ्गठनका कार्यप्रगति, पार्टीको आन्तरिक विवाद समाधानका लागि यही जेठ ११ देखि १३ गतेसम्म बैठक आह्वान गरिएको हो ।

सो पार्टीका नेता राजाराम श्रेष्ठका अनुसार समसामयिक परिस्थितिबारे छलफल गरिनेछ । बैठकमा प्रदेश, क्षेत्र र भूगोलको सन्तुलन मिलाएर आवश्यक स्थानमा नेताहरुको जिम्मेवारी तोकिनुका साथै सङ्गठन विस्तार तथा पार्टीलाई आधारभूत तहसम्म स्थापित गर्न आवश्यक कार्ययोजनाबारे छलफल गरिनेछ ।

पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले समसामयिक राजनीतिक प्रतिवेदन तथा महामन्त्री डा धवलशम्शेर जवराले साङ्गठनिक प्रतिवेदन पेस गर्नेछ । बैठकमा पार्टीको आगामी कार्यक्रम, युवा सहभागिता वृद्धि गर्ने, विधान आवश्यक हेरफेरका लागिसमेत छलफल गरिने नेता श्रेष्ठले बताए । पार्टी मातहतका विभिन्न समिति तथा जिल्ला तहका कार्यकर्ताबाट विधान संशोधनका विषयलाई परिमार्जन गर्न माग गरिएको जनाइएको छ ।

विभिन्न समितिबाट भएगरेका निर्णयलाई अनुमोदन गरिने बैठकमा पार्टीको कार्यदिशा, कार्ययोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलाई दृष्टिगत गरी विधान परिमार्जन गर्न सुझाव आएको केन्द्रीय प्रचार विभाग सदस्य सचिव सुन्दर पाण्डेले जानकारी दिए ।

पार्टी अध्यक्ष लिङ्देनले उद्घाटन गर्नुहुने उक्त बैठकको समाचार प्रचारप्रसारका लागि सूचना सङ्कलन केन्द्र, सहभागी प्रतिनिधिको परिचयपत्र व्यवस्थापन, सुरक्षा व्यवस्थाका लागि स्वयंसेवकको व्यवस्था गरिएको पार्टी कार्यालयले जनाएको छ । बैठकमा करिब चार सय प्रतिनिधिको सहभागिता रहनेछ ।

# राष्ट्रियसभाको बैठक एकदिनका लागि स्थगित

**टुडे समाचारदाता**

काठमाण्डु । तोकिएको समयमा बैठक बस्न नसक्दा राष्ट्रियसभाको बैठक सोमबारसम्मका लागि स्थगित भएको छ । आइतबार दिउँसो १ बजेर १५ मिनेटका लागि आह्वान गरिएको बैठक समयमा बस्न नसक्दा पुनः दिउँसो ३ बजेर १५ मिनेटका लागि तय भएको थियो ।



दोस्रो पटक पनि तोकिएको समयमा बैठक बस्न नसकेपछि सोमबारसम्मका लागि स्थगित गरिएको संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले जानकारी दिएका छन् ।

संसद्मा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले विभिन्न सहकारी संस्थाको रकम हिनामिना सम्बन्धमा संसदीय छानबिन समिति गठनको माग गर्दै आएको छ । छानबिन समिति गठनका लागि दलहरुबीच सहमति भए पनि त्यसको कार्यादेश भने अझै टुङ्गिन सकेको छैन ।

सत्ता पक्ष दल र प्रमुख प्रतिपक्षी दलबीच कार्यादेश टुङ्ग्याउनेबारे आइतबार बिहानैदेखि छलफल भइरहेको छ । अहिलेसम्म कार्यादेशको टुङ्गो भने लाग्न सकेको छैन । राष्ट्रियसभाको आइतबारको बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति तथा कार्यभारसम्बन्धी पत्रको व्यहोरा जानकारी गराउनुहुने कार्यसूची तय गरिएको थियो ।

साथै अध्यक्ष दाहालले विषयगत समितिमा सदस्यहरुको नाम मनोनयन गर्नुहुने कार्यसूची थियो ।

आइतबार निर्धारित बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले यही जेठ १ गते राष्ट्रपतिबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गरेको सम्बोधनकोप्रति टेबुल गर्ने कार्यसूची तोकिएको थियो ।

आइतबारकै बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले 'लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' सभासमक्षपेसगर्नेकार्यसूची थियो ।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'मिडिया काउन्सिल विधेयक,२०८० ' सभा समक्ष पेस गर्नुहुने तथा विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले 'सुरक्षित कारोबार (पहिलो संशोधन), २०८०' सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्नुहुने कार्यसूची थियो ।

# प्रादेशिक चलचित्र विकास बोर्ड गठन गर्छौं: मुख्यमन्त्री कार्की

झापा । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चलचित्र क्षेत्रको समृद्धिका लागि प्रादेशिक चलचित्र विकास बोर्ड बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

विर्तामोडमा आइतबारदेखि सुरु कोशी चलचित्र महोत्सवको उद्घाटन समारोहमा उहाँले कला, साहित्य, संस्कृति र पर्यटकीय क्षेत्रमा धनी रहेको कोशी प्रदेशसँग चलचित्र छायाङ्कनका लागि नेपाली र भारतीय चलचित्रकर्मीलाई आकर्षण गर्न सक्ने सामर्थ्य भएको बताउनुभयो । उहाँले कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा चलचित्र छायाङ्कनका लागि 'आउटडोर' र 'इन्डोर' छायाङ्कनस्थल निर्माण गर्न बजेट छुट्याउने आश्वासन दिनुभयो । मौलिक



कला र संस्कृतिलाई जगेर्ना गर्दै पर्यटकीय प्रवर्द्धनमा टेवा पुर्याउने चलचित्र निर्माण गर्न उहाँले आग्रह गर्नुभयो ।

नेपाल चलचित्र निर्माता सङ्घका अध्यक्ष नवल खड्काले चलचित्र मनोरञ्जन प्रदान गर्ने माध्यम मात्र नभएर २१औँ शताब्दीमा देशको राष्ट्रिता, कला र संस्कृतिको पहिचान बोक्ने शक्तिशाली माध्यम भएको बताउनुभयो । उहाँले प्रदेशस्तरमा महोत्सवको आयोजना गर्ने कोशी पहिलो प्रदेश भएको जनाउँदै यस क्षेत्रको विकासका लागि प्रादेशिक विकास बोर्ड गठन हुनुपर्ने माग गर्नुभयो ।यही जेठ ११ गतेसम्म सञ्चालन हुने कोशी चलचित्र महोत्सवको आयोजना कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गरेको हो । यसको व्यवस्थापन कोशी चलचित्रकर्मी सङ्घले गरेको छ ।

प्रदेशका भाषाभाषी र जातजातिको मौलिक चलचित्रहरु महोत्सवका क्रममा प्रदर्शन हुने भएका छन् । महोत्सवमा चलचित्रसम्बन्धी कार्यशाला, गोष्ठी र सांस्कृतिक झाँकी प्रस्तुत हुने भएका छन् । विर्तामोड, विराटनगर, इटहरीलगायत सहरमा छानिएका चलचित्रहरु महोत्सवमा प्रदर्शन गरिने चलचित्रकर्मी सङ्घ कोशी प्रदेश समितिका महासचिव रमेश तिवारीले बताउनुभयो ।रासस


**पर्सा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पर्सा, सर्लाही**

**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०२/०७)**

यस गाउँपालिकाबाट मिति२०८०/०९/०८ (2023/12/24-AD) गतेको दिन बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार e–gp मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन अनुसारको बोलपत्रदाताहरु मध्ये बाट निम्न बोलपत्रदाताबाट पेश भएको बोलपत्र स्वीकृत गर्न सारभूत रुपमा प्रभावग्राही देखिएकोले तपसिलमा उल्लेख भएका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गर्न प्रयोजनकोलागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) अनुसार सम्बन्धित सबै बोलपत्रदाताहरु र अन्य सरोकारवालाहरुको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | आयोजनाको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोलअंक (भ्याट र PS समेत) रु. |
|---|---|---|---|---|
| १ | PRM/NCB/ WORKS-02-080-081 | Construction of School Building at Parsa Adharbhut School | Tirupati Balaji/Santosh & Abhisekh JV. | 24797375.70 |
| २ | PRM/NCB/ WORKS-03-080-081 | Construction of Bakulwa Drain at Parsa 1&2 | Chaudhary–Pawan JV. | 19178733.22 |

**प्रमुख प्रशासकीय अधिकृत**

# इजरायली मन्त्रीमण्डलका सदस्य गान्ट्जद्वारा गाजा युद्धको योजना माग

**एएनआई**

त ` ल अभिभ ।गाजामा जारी युद्धलाई लिएर इजरायली नेताहरूमा बढ्दै गइरहेको तनावकाबीच इजरायली युद्ध मन्त्रीमण्डलका सदस्य बेनी गान्ट्जले तीन हप्ताभित्र गाजा युद्धको लागि नयाँ योजना नआए सरकारबाट राजीनामा दिने चेतावनी दिनुभएको छ। उहाँको यो कदमले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई आफ्नो अति-दक्षिणपन्थी सहयोगीहरूमा बढी निर्भर बनाउनेछ।



पूर्व इजरायली रक्षामन्त्री गान्ट्जले युद्ध मन्त्रीमण्डललाई जुन ८ सम्म हमासविरुद्ध युद्धको योजना बनाउन माग गर्नुभएको छ। शनिबार राति रामत गान सहरमा गान्ट्जले आफ्ना मागहरू पूरा नभए आफू सरकारबाट बाहिरिने चेतावनी दिनुभयो।

"नयाँ योजना योजनाले हमास आन्दोलनलाई निस्तेज पार्नुपर्छ, । बन्धकहरूलाई फिर्ता ल्याउनुपर्छ, गाजा पट्टीमा वैकल्पिक सरकार स्थापना गर्नुपर्छ, इजरायली बासिन्दाहरूलाई इजरायलको उत्तरमा फिर्ता ल्याउनुपर्छ र साउदी अरबसँगको सम्बन्ध सामान्यीकरण गर्ने योजना बनाउनुपर्छ," उहाँले भन्नुभयो। प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले 'विजय र विपत' बीच छनोट गर्नुपर्ने गान्ट्जले बताउनुभयो। "यदि प्रधानमन्त्री नेतान्याहुले राष्ट्रलाई सङ्कटतर्फ धकेल्नुहुन्छ भने हामी सरकारबाट बाहिरिनेछौँ, जनता सामु जानेछौँ र वास्तविकरूपमा हमासलाई पराजीत गर्न सक्ने सरकार बनाउनेछौँ," गान्ट्जले भन्नुभयो।

गान्जको यो अल्टिमेटम वर्तमान रक्षामन्त्री योव ग्यालान्टले सार्वजनिक रूपमा युद्धपछिको योजनाको माग गरेको र गाजामा इजरायली शासनको विरोध गर्ने चेतावनी दिएको केही दिन पछि आएको हो। गान्ट्जले रफाहमा इजरायली सैन्य कारबाहीको रक्षा गर्दै सहरलाई हमासको पुनरुत्थानको द्वार भएको बताउनुभएको छ। इजरायली र प्यालेस्टिनीबीच शान्ति प्राप्त गर्न हमास गाजामा रहनु हुँदैन र रफाहबाट हटाउनुपर्छ ,गान्ट्जको भनाइलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ।

> “
> पूर्व इजरायली रक्षामन्त्री गान्ट्जले युद्ध मन्त्रीमण्डललाई जुन ८ सम्म हमासविरुद्ध युद्धको योजना बनाउन माग गर्नुभएको छ। शनिबार राति रामत गान सहरमा गान्ट्जले आफ्ना मागहरू पूरा नभए आफू सरकारबाट बाहिरिने चेतावनी दिनुभयो।

उहाँले युद्धले नागरिकहरूमा पारेको हानिकारक प्रभावलाई स्वीकार गर्दै 'निर्णायक कदम' आवश्यक रहेकोमा जोड दिनुभयो। यसैबीच, इजरायली प्रधानमन्त्री कार्यालयले बेनी गान्ट्जको सरकार छोड्ने धम्कीलाई अस्वीकार गर्दै हमासविरुद्धको युद्ध योजनाका लागि उहाँले दिएको अल्टिमेटमले इजरायललाई हानि पुर्‍याउने बताएको छ।

"यही अवस्थामा युद्धको अन्त्य, अधिकांश बन्धकहरूलाई वेवास्ता गर्नु, हमासलाई यथास्थितिमा छोड्नु र प्यालेस्टिनी राज्यको स्थापना गर्नुले इजरायलको पराजय हुने भन्ने गान्ट्जको धारणा सुन्दा लोकप्रिय भएपनि व्यवहारमा लागु गर्न कठिन काम हो," प्रधानमन्त्री कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

कार्यालयले गान्ट्जलाई उहाँ हमासलाई गाजाबाट हटाउन, गाजामा प्यालेस्टिनी अधिकारीहरुको परिचयको विरोध गर्न र प्यालेस्टिनी राज्यको स्थापनाको विरोध गर्न कटिबद्ध हुनुहुन्छ कि हुनुहुन्न भनी प्रश्नसमेत गरेको छ। प्रधानमन्त्री बेन्जामिन नेतान्याहु यी तिनै बुँदाप्रति प्रतिबद्ध रहेको सिएनएनले जनाएको छ।

"प्रधानमन्त्री नेतान्याहूले सबै बन्धकहरूको फिर्तीसहित युद्धका सबै लक्ष्यहरू हासिल गर्नका लागि सङ्कटकालीन संयुक्त सरकार गठन महत्त्वपूर्ण रहेको बताउँदै गान्ट्जसँग यी मुद्दाहरूमा जनतालाई आफ्नो स्थिति स्पष्ट पार्न आग्रह गर्नुभएको छ," विज्ञप्तिमा भनिएको छ।

# सात वर्ष सिरियाली हिरासतमा रहेका अमेरिकी चिकित्सकको मृत्यु

**एएनआई**

वासिङ्टन ।सात वर्षअघि सिरियामा हिरासतमा रहेका अमेरिकी थेरापिस्ट मजद कमलमाजको निधन भएको सिएनएनले जनाएको छ।

"दुर्भाग्यवस उहाँ जेलको क्रूर अवस्थाबाट बाँच्न सक्नुभएन। उहाँ कुनै मुद्दा, सुनुवाई र आफ्नो परिवारसँगको कुनै पनि प्रकारको सञ्चार बिना सात वर्षसम्म सिरियाली हिरासतमा रहनुभएको थियो," अमेरिकी बन्धक र बन्दीहरूका परिवारका सदस्यहरूद्वारा आफ्नो परिवारको तत्काल रिहाइको लागि वकालत गर्ने अभियान 'ब्रिङ आवर फेमिलीज होम क्याम्पियन (बिओएफएच)' का प्रवक्ता जोनाथन फ्रान्कसले एक विज्ञप्ति जारी गर्दै जानकारी गराउनुभएको छ।



"उहाँ एक दयालु र मायालु व्यक्ति हुनुहुन्थ्यो," कमलमाजको व्यक्तित्वको वयान गर्दै फ्रान्कसले भन्नुभयो।

उहाँले भन्नुभयो, "टेक्सासमा जन्मिनुभएका र पेसाले मनोचिकित्सक रहेका कमलमाजलाई सन् २०१७ मा दमास्कसको एक सुरक्षा जाँच केन्द्रमा आफ्नो परिवारलाई भेट्न जाँदा हिरासतमा लिइएको थियो। सिरियाली सरकारद्वारा बन्दी बनाइएका अमेरिकी कैदीहरूको रिहाइको प्रयासमा सन् २०२० मा ट्रम्प प्रशासनका अधिकारीहरूले दमास्कसको भ्रमण गरेपछि पनि अमेरिकी बन्दीको रिहाइका लागि सिरियाली सरकार सककारात्मक नदेखिएपछि परिवारका सदस्यहरू निराश भएका थिए। प्रारम्भिक नजरबन्ददेखि नै मौन रहनुभएका कमलमाज कहिल्यै घर फर्किनुभएन।

यस वर्षको सुरुमा पहिलोपटक बन्धक र गलत नजरबन्द दिवसको सन्दर्भमा बोल्दै आफ्नो बुबाको बेपत्ता जीवनबारे मरियम कमलमाजले भन्नुभयो, "हामी उहाँ अदृश्य भएपनि उहाँको उपस्थितिको महसुस गरिरहने छौँ।"

"विगत सात वर्षदेखि हामी बुबाको अनुपस्थितिसँग सङ्घर्ष गरिरहेका छौं। हाम्रो परिवारले भोगेको पीडा र भावनात्मक उथलपुथलले हाम्रो जीवनमा ठुलो असर पारेको छ," मरियमले आफ्नो बुबाको निधनको घोषणा पश्चात भन्नुभयो। "परिवार र सबै अमेरिकीले उहाँलाई धेरै याद गर्नेछौं। हामी आवश्यक पर्ने अरूलाई सहयोग गर्ने उहाँको विरासत जीवित रहन्छ भन्नेमा आशावादी छौं," उहाँले भन्नुभयो।

फेब्रुअरी २०१७ मा सिरियामा बेपत्ता भएदेखि कमलमाजलाई न देखिएको थियो न उहाँको कुनै प्रतिक्रिया सार्वजनिक भएको थियो। "जति समय बितिसकेको भएपनि एफबिआईको होस्टेज रिकभरी फ्युजन सेलका पीडित र उनीहरूका परिवारका तर्फबाट सबै अमेरिकी बन्धकहरू रिहाई गर्ने र बन्धक वा बेपत्ता भएका परिवारहरूलाई सहयोग गर्न काम गर्नेछ," होस्टेज रिकभरी फ्युजन सेलको एक विज्ञप्तिमा जनाइएको छ।

# एपिएफ लगातार चौथो पटक ललितपुर मेयर कप महिला क्रिकेटको च्याम्पियन




**काठमाण्डु ।**

विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लवले शनिवार ललितपुर मेयर कप महिला ट्वान्टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ।

शनिबार सुदूरपश्चिम प्रदेशमाथि २ रनको रोमाञ्चक जित निकाल्दै एपिएफ च्याम्पियन बनेको हो। यो संगै एपिएफले लगातार चौथो पटक उपाधि जित्न सफल भएको हो। कुल पाँच टोली सहभागी प्रतियोगिताको लिगमा पनि एपिएफले सुदूरपश्चिमलाई हराएको थियो।कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा एपिएफले दिएको १५६ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५३ रन मात्र जोड्न सक्यो।

खराब शुरुवात बाबजुद सुदूरपश्चिमका लागि कविता जोशी र लक्ष्मी साउदले शतकीय साझेदारी गर्दै जित आशा देखाएका थिए।६.४ ओभरमा सुदूरपश्चिमले ५ विकेट गुमाएर ४९ रन बनाएको थियो। तर, कविता र लक्ष्मीले छैटौं विकेटका लागि १०४ रनको साझेदारी गरे। अन्तिम ओभरमा पाँच रन बनाउन असफल हुँदा सुदूरपश्चिमले हार ब्यहोरेको हो।

कविता ६७ रन र लक्ष्मी २९ रनमा नट आउट रहे।आक्रामक ब्याटिङ गरेकी कविताले ४५ बलमा सात चौका र ३ छक्का प्रहार गरे। लक्ष्मीले ३५ बलमा दुई चौका हिर्काइन्।त्यसअघि कप्तान विन्दु रावल १९, सम्झना खड्का १० र साबित्री धामीले १२ रन जोडे।

अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।एपिएफको बलिङमा करुणा भण्डारीले दुई र सुमन बिष्टले एक विकेट लिए।करुणाबाहेक सबै बलर महँगा रहे पनि एपिएफले लक्ष्य पूरा गर्न दिएन। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित ओभरमा चार विकेट गुमाउँदै १५५ रन जोडेको थियो।

ए ि प ए प ि क ा ओपनरद्वय राजमति ऐरी र सीता रानामगरले अर्धशतक बनाउँदै राम्रो योगफलतर्फ अग्रसर गराए। राजमति ५० रन र कप्तान सीता ७४ रनमा आउट भए।यी दुईबीच पहिलो विकेटका लागि ९१ रनको साझेदारी बन्यो।राजमतीले ४६ बलमा सात चौका हिर्काइन्। ५५ बल खेलेकी सीताको इनिङमा सात चौका रह्यो। इनिङको अन्त्यसम्म ब्याटिङ गर्दै सीताले राम्रो स्थितिमा पुर्‍याएकी हुन्। ममता चौधरी १० रनमा नटआउट रहिन्।

यी तीनबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। सुदूरपश्चिमको बलिङमा ऋतु कनोजिया, बिन्दु रावल र राधिका पुजराले समान एक विकेट लिए। लिगमा अपराजित एपिएफ पहिलो र सुदूरपश्चिम दोस्रो स्थानमा रहँदै फाइनलमा पुगेका हुन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी एपिएफकी कप्तान सीता रानामगर घोषित भइन्।

उत्कृष्ट ब्याटर सुदूरपश्चिमकी सम्झना खड्का र उत्कृष्ट बलर ललितपुर मेयर्स-११ की कृतिका मरासिनी घोषित भए।सिंगल राउण्ड रोबिनका आधारमा भएको प्रतियोगितामा ललितपुर मेयर्स, कोसी प्रदेश र बागमती क्रमशः तेस्रोदेखि पाँचौं स्थानमा रहे। यी तीनैले समान एक खेल जितेका थिए। (न्युज एजेन्सी नेपाल)

# तेस्रो खेलमा नेपाल विनवार्ड्ससँग ६७ रनले पराजित

काठमाण्डु। नेपाली टोली तेस्रो अभ्यास खेलमा विनवार्ड्स भोलक्यानोजसँग पराजित भएको छ।

पहिलो र दोस्रो खेल जितेर तीन खेलको शृंखला जितेको नेपालले तेस्रो खेलमा भने विनवार्ड्ससँग ६७ रनको फराकिलो हार बेहोरेको छ। २०६ रनको विशाल लक्ष्य पछ्याएको नेपालले १७.२ ओभरमा अलआउट हुँदै जम्मा १३८ रनमात्रै बनायो। नेपालका लागि कप्तान रोहित पौडेलले ३ चौका र ४ छक्का मद्दतमा ३६ बलमा ५३ रन बनाए।



ओपनर आशिफ शेखले २४, सन्दीप जोराले २१ र करण केसीले १३ रन जोडे अरु ब्याटरले दोहोरो अंक जोड्न सकेनन् ।विनवार्ड्सका डैरोन नेड र कभेम होजले तीन/तीन तथा निकलस रेडहेड र डीन ब्राउनले दुई/दुई विकेट लिए।

त्यसअघि टस जितेर घरेलु मैदानमा ब्याटिङ गरेको विनवार्ड्सले डिलन डगलस र शाद्रक डेसकार्टेको अर्धशतक मद्दतमा २०५ रन बनाएको थियो ।डिलनले ३२ बलमा ५६ रन बनाए भने शाद्रकले २७ बलमा ५५ रनको योगदान गरे ।नेपालका कमलसिंह ऐरीले ४, सोमपाल कामीले ३ तथा करण केसी, सागर ढकाल र कुशल भुर्तेलले एक/एक विकेट लिए।

तेस्रो खेलमा नेपालले यसअघिको खेलबाट तीन परिवर्तन गरेको थियो। ललित राजवंशी, दीपेन्द्र सिंह ऐरी र अविनाश बोहोरा टोलीमा थिएनन्। उनीहरूको ठाउँमा करण केसी, सागर ढकाल र कमल सिंह ऐरीले खेलेका थिए ।कमलको यो तीन खेल शृंखलाको पहिलो खेल हो भने कुशल मल्ल तीनवटै खेलमा प्लेइङ-११ मा परेनन्।

# राष्ट्रसङ्घीय सहायता प्रमुखद्वारा गाजा अभावको 'सर्वनाशकारी' परिणामको चेतावनी

**एएफपी**

दोहा ।संयुक्त राष्ट्रसङ्घका मानवीय प्रमुख मार्टिन ग्रिफिथले आइतबार घेरामा परेको गाजामा अनिकालको चेतावनी दिँदै त्यहाँसम्म पुग्ने सहयातामाथिको अवरोधबाट 'सर्वनाश' परिणामको खतरा रहेको बताउनुभएको छ।




"यदि इन्धन समाप्त भयो भने मानिसहरूलाई आवश्यक पर्ने स्थानहरूमा सहायता पुग्दैन, हामीले लामो समयदेखि भन्दै आइरहेको अनिकाल कायम रहने छ", दोहामा कतारी अधिकारीहरूको बैठकका अवसरमा एएफपीलाई उहाँले भन्नुभयो, "मलाई लाग्छ अन्तर र्राष्ट्रिय समुदायको नागरिकहरूका रूपमा हाम्रो चिन्ता, यसको परिणाम वास्तवमा अत्यन्त कठिन हुँदैछ, कठिन, कठिन र सर्वनाशकारी ।"अन्तर्राष्ट्रिय आक्रोशका बीच दक्षिणी गाजा सहर रफाहमा इजराइली घुसपैठले गाजा पट्टीमा पहिलादेखि नै खतरनाक मानवीय सङ्कटलाई अझ गहिरो बनाएको छ।

मानवीय मामिलाका लागि राष्ट्रसङ्घीय उपमहासचिव तथा आपत्कालीन राहत समन्वयकर्ता ग्रिफिथले दैनिक करिब ५० ट्रक सहायता गाजाको सबैभन्दा बढी प्रभावित उत्तरसम्म पुनः खोलिएको इरेज क्रसिङमार्फत पुग्नसक्ने बताउनुभयो। यद्यपि गाजाको दक्षिणमा रफाह र केरेम शालोम क्रसिङ नजिकै लडाइँहरूको अर्थ महत्त्वपूर्ण मार्गहरू 'प्रभावकारीरूपमा अवरुद्ध' भएको उहाँले बताउनुभयो। "त्यसैले दक्षिण र रफाहका लागि स्थलमार्ग पस्ने सहायता र रफाहबाट करिब शून्य छ", उहाँले भन्नुभयो।

राष्ट्रसङ्घले शनिबार रफाहमा हमास लडाकूहरूमाथि इजराइलको आक्रमणले आठ लाख मानिस 'पलायनका लागि बाध्य' भएको बताएको छ। इन्धन, खाद्यान्न र औषधि सकिँदै गएपछि दक्षिणी गाजा सहरमा सैन्य कारवाही 'हामीले आशङ्का गरेको जस्तो' भएको ग्रिफिथले बताउनुभयो।

"हामी सबैले अत्यन्त स्पष्टरूपमा रफाह कारवाही मानवीय दृष्टिले विपत्ति हो भनेका छौँ, रफाहमा पहिलादेखि नै विस्थापित मानिसका लागि विपत्ति हो, यो उनीहरूको चौथो वा पाँचौं विस्थापन हो", उहाँले भन्नुभयो। प्रमुख स्थल क्रसिङ बन्द भएपछि यसै साता संयुक्त राज्य अमेरिकाले बनाएको अस्थायी फ्लोटिङ घाटमार्फत केही राहत आपूर्ति सुरु भएको छ। ग्रिफिथले समुद्री अभियानबाट 'केही ट्रकको सहायता प्राप्त हुन थालेको' भन्दै 'यो स्थल मार्गको प्रतिस्थापन नभएको' चेतावनी दिनुभयो।

# काशिमरमा संदिग्ध विद्रोहीद्वारा भाजपाका स्थानीय नेताको हत्या

**एएफपी**

नयाँदिल्ली। भारत प्रशासित काशिमरमा संदिग्ध विद्रोहीले भारतीय जनता पार्टी (भाजपा) का स्थानीय नेतालाई गोली हानी हत्या गरेको स्थानीय अधिकारीहरूले आइतबार जानकारी गराएका छन्।

सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का भारतको शोपियान जिल्लामा शनिबार साँझ गोली स्थानीय नेता एजाज अहमदमाथि गोली प्रहार भएको प्रहरीले जनाएको छ ।काशिमर स्थित भाजपाको स्थानीय कार्यालयले अहमदको मृत्यु भएको पुष्टि गर्दै आक्रमणको विरोधमा प्रदर्शन गर्ने घोषणा गरेको छ।

सोही दिन नजिकैको अनन्तनागमा सन्दिग्ध विद्रोहीको आक्रमणमा परी हिमालय क्षेत्रमा आएका दुई भारतीय पर्यटक पनि घाइते भएको प्रहरीले जनाएको छ ।प्रहरीका अनुसार सुरक्षा फौजले आसपासका क्षेत्रलाई घेराहाली छुट्टाछुट्टै घटनामा संलग्न आक्रमणकारीको खोजी गरिरहेको छ। सन् १९४७ मा स्वतन्त्र भएदेखि नै काशिमर भारत र पाकिस्तानबीच विभाजित हुँदै आएको छ र दुवैले हिमालयक्षेत्रको पूर्ण दाबी गर्दै आएका छन्।




भारतीय शासनको विरोध गर्ने विद्रोही समूहहरूले दशकौंदेखि भारत प्रशासित काशिमरमा विद्रोह गर्दै आएका छन्। कतिपय समूहले आफ्नो क्षेत्रलाई पाकिस्तानमा विलयको मागसमेत गर्दै आएका छन् ।भारतले विद्रोही लडाकुलाई पाकिस्तानले समर्थन गरेको आरोप लगाएको छ तर इस्लामाबादले भने त्यसको खण्डन गर्दै आएको छ। यस द्वन्द्वमा दशौं हजार सर्वसाधारण, सैनिक र लडाकूको मृत्यु भएको छ।

सन् २०१९ मा मोदी सरकारले मुस्लिम बाहुल्य क्षेत्रको सीमित स्वायत्तता खारेज गरी नयाँ दिल्लीबाट प्रत्यक्ष शासनमा ल्याएपछि हिंसामा निकै कमी आएको छ ।काशिमरमा गत महिना भएको आम निर्वाचनमा मतदान सुरु भएयतो झडपका घटनाहरु भएको सुरक्षा बलल जनाएको छ ।यसै महिनाको सुरुमा संदिग्ध विद्रोहीहरूले भारतीय वायु सेनाका एक सदस्यको हत्या गर्नुका साथै अन्य चार जना घाइते हुनेगरी आक्रमण गरेका थिए।

# स्लोभाकियाली प्रधानमन्त्री फिकोको स्वास्थ्यमा उल्लेख्य सुधार

**एएफपी**

ब्रातिस्लाभा। गोली हानी हत्या गर्ने प्रयासपछि गम्भीर घाइते बन्नुभएका स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोको स्वास्थ्य उल्लेख्उय सुधार देखिएको उहाँको उपचारमा संलग्न चिकित्सकको समूहले आइतबार जानकारी गराएको छ।

प्रधानमन्त्री फिकोको स्वास्थ्य अवस्था हाल खतरामुक्त बनेको उपप्रधानमन्त्री रोबर्ट कालिनाकले आइतबार बताउनुभएको छ। एक जना बन्दुकधारीले पेटसहित शरीरका चार स्थानमा गोली हानेपछि फिको बुधबारदेखि अस्पताल भर्ना हुनुभएको थियो।

फिकोका निकटतम राजनीतिक सहयोगी कालिनाकले पत्रकारसँगको संवादमा भन्नुभयो, "उहाँ (प्रधानमन्त्री फिको) को जीवन तत्कालका लागि खतराबाट मुक्त भएको छ तर उहाँको अवस्था गम्भीर छ र उहाँलाई सघन उपचारको आवश्यकता छ।"

स्लोभाकियाका प्रधानमन्त्री खानको बुधबार पाँच घण्टा र शुक्रबार अर्को शल्यक्रिया बाँस्का बाइस्ट्रिकाको एक अस्पतालमा गरिएको थियो ।"हामी उहाँको अवस्थालाई सकारात्मक पूर्वानुमानको साथ स्थिर मान्न सक्छौं," कालिनकले अस्पताल बाहिर भेला भएका सञ्चारकर्मीसँगको कुराकानीमा बताउनुभयो। "अहिले हामी सबै अलि बढी आराम महसुस गरिरहेका छौं," कालिनाकले भन्नुभयो।

कालिनाकका अनुसार फिकोलाई अहिले तत्काल बाँस्का बायस्ट्रिकामा नै उपचार गरिनेछ। स्लोभाकियाका सञ्चारमाध्यमका अनुसार आक्रमणका लागि आरोपित ७१ वर्षीय कवि जुराज सिन्तुलालाई राजधानी ब्रातिस्लाभाको उत्तरपूर्वमा रहेको पेजिनोकस्थित विशेष दण्ड अदालतले पुर्पक्षका लागि थुनामा राखेको छ।

सिन्तुलामाथि सुनियोजित हत्या प्रयासको आरोप लागेको छ ।सेन्ट्रल माइनिङ टाउन ह्यान्डलोभामा भएको सरकारी बैठकपछि समर्थकलाई अभिवादन गर्न हिँडिरहेका फिकोलाई गोली हानिएको थियो ।रक्षामन्त्री तथा फिकोका निकटतम राजनीतिक सहयोगी उपप्रधानमन्त्री रोबर्ट कालिनाकले प्रधानमन्त्री होशमा रहेको र उहाँको स्वास्थ्य अवस्था सामान्य रहेको बताउनुभएको छ।

# सामूहिक कृषिमा महिलाको आकर्षण बढ्दो

पोखरा । पोखरा महानगरपालिका-१६ अर्मलाका महिलाहरू सामूहिक कृषितर्फ आकर्षित भएका छन् ।

प्रगति कृषि समूह गठन गरी जग्गा भाडामा लिएर महिलाहरू सामूहिक कृषिखेतीमा लागेका हुन । समूहकी अध्यक्ष चिनमाया सुवेदी श्रेष्ठले दुई रोपनी जग्गामा मौसमअनुसार आलु, मुला, केराउ, काँक्रोलगायतका नगदेबाली गर्दै आएका र वर्षाको समयमा सोही जग्गामा परीक्षणकारूपमा विभिन्न छ जातका धान रोप्ने तयारी भइरहेको बताउनुभयो। "स्यालघारी फाँटको जग्गामा यतिखेर लटरम्म काँक्रा फलेका छन् । फागुन महिनामा लगाएका भक्तपुरे जातको काँक्राका एक सय ३२ वटा बिरुवाले उत्पादन दिन सुरू गरेका छन् । वैशाखको अन्तिम सातादेखि उत्पादन सुरू भएको काँक्रा बिक्रीबाट रु १५ हजारभन्दा बढी आम्दानी गर्न सफल भएका छौँ", अध्यक्ष सुवेदीले भन्नुभयो । हाल प्रतिकेजी ८० मा बारीबाटै काँक्रा बिक्री हुने गरेको छ।



उहाँले समूहमा आवद्ध महिलाहरूले नै बारीबाट काँक्रा खरिद गेरर बजारमा बिक्री गरी राम्रो आम्दानी गरिरहेका बताउनुभयो । "उत्पादन भएका काँक्रा बिक्री हुँदैन की भनेर चिन्ता गर्नुपर्दैन समूहकै महिलाले प्रतिकेजी रु ८० का दरले बारीबाटै खरिद गेरर लानुहुन्छ" अध्यक्ष श्रेष्ठले भन्नुभयो,"सोही काँक्रो स्थानीय बजारमा बिक्री गेरर जीविकोपार्जनको आधार बनिरहेको छ।"

विसं २०७४ मा कारितास नेपालको सहयोगमा स्थापना भएको किसान समूहमा हाल बीस जना सदस्य आवद्ध छन् । समूहकी सचिव सोनिया सुनारले प्रत्येक शनिबार घरको सबै काम पन्छ्याएर बारिको माटोमा पसिना चुहाउँदा राम्रो आम्दानी हुने गरेको बताउनुभयो । "संस्थामा आवद्ध सदस्य हप्ताको एक दिन बारिमा जम्मा हुन्छौं, आवश्यक मल पनि घरबाटै बोकेर लैजाने गरेका छौँ" उहाँले भन्नुभयो,"कुनै पनि विषादि प्रयोग गरेका छैनौं उत्पादित अर्गानिक काँक्रो बजारमा पठाउँन पाउँदा खुसी लागेको छ । यसले बेरोजगार भएर घरमै बस्दै आएका महिला हाल तरकारी उब्जायर आफूलाई आवश्यक पैसासमेत कमाउन थालेका छौँ ।"

सचिव सुनारका अनुसार ३० देखि ६० वर्ष उमेर समूहका महिला सङ्गठित भएर कृषि गर्दै आएका छन्। उहाँहरूलाई बेलाबेला अघिल्लो वर्ष पोखरा महानगरले रु १० हजार आर्थिक सहयोगसमेत गरेको थियो । "आधुनिक कृषिऔजार, मल, बीउलगायत अत्यावश्यक सुविधा पाउने हो भने खेती विस्तार गर्दै जाने सोचमा छौं । त्यसले हाम्रो आम्दाी वृद्धिमा पनि सहयोग पुग्थ्यो। हाल वार्षिक तीनदेखि चार लाखसम्म आम्दानी गर्दै आएको छौं।"

सामूहिक कृषिखेती सुरू भएपछि एकतिर समूहमा आवद्ध महिलाले घरमा मौसम अनुसारका तरकारी लिन पाएका छनू, अर्कोतिर सामूहिक खेती सिकाइको पाठशालासँगै आयआर्जनको माध्यम पनि बन्दै गएको छ । कोषाध्यक्ष चन्द्रा भट्टराईले समूहमा जम्मा भएको रकम आयआर्जनका लागि आवद्ध सदस्यलाई एक प्रतिशत व्याजमा लगानी गर्ने गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार समूहको कोषमा अहिले रु एक लाख ५० हजार रहेको छ भने एक वर्षअघि सङ्कलित रकमबाट प्रत्येक सदस्यलाई पाँच हजारका दरले वितरण गरिएको थियो। समूहले अध्ययन अवलोकन भ्रमण तथा रमाइलो वनभोजसमेत आयोजना गर्ने गरेको छ।

रैथाने जातको धान संरक्षणमा समूह

सो समूह रैथाने जातको धान संरक्षण अभियानमा पनि जुटेको छ । काँक्रा लगाएको जग्गामा धानका जेठाबुढो, अनदी, कालो झिनुवा, वयर्नी, पहेँलेलगायतका जात रोप्ने तयारी भएको जनाइएको छ । त्यसका लागि पोखरा महानगरपालिकाले उपलब्ध गराएको बीउ रादिएको छ । समूहका प्रत्येक सदस्यले डोकोमा मल र हातमा खन्ने औजार लिएर बारिमा धानको बीउ राखेका र अब परीक्षणका रूपमा पहिलो पटक धान रोपाइ गर्ने तयारी भइरहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो ।

पोखरा महानगर कृषि महाशाखाप्रमुख मनोहर कडरियाले नेपाल सरकारले सूचीकृत गरेका खान नरम र स्वादिष्ट धानको जात संरक्षण गर्ने उद्देश्यका साथ विभिन्न पाँचवटा कृषि सेवा केन्द्रमार्फत परीक्षणका लागि निःशुल्क बीउ प्रदान गरिएको जानकारी दिनुभयो। छोटो समयमा बढी उत्पादन हुने हाइब्रिड धानमा किसानको आकर्षण बढेपछि स्थानीय जातका धान लोप हुने अवस्थामा पुगेकाले स्थानीय जातको संरक्षणका लागि किसानलाई बीउ वितरण गरिएको उहाँले बताउनुभयो ।रासस

# सिटिजन्स बैंकद्वारा बेनी अस्पताल म्यागदीलाई वाटर फिल्टर सहयोग प्रदान

**टुडे समाचारदाता**

जनकपुरधाम । बिगत सत्रवर्ष देखि आम नेपाली सर्वसाधारण ग्राहक वर्गहरु माझ सर्व सुलभ बैंकिङ्ग सेवा पुर्याउँदै आएको यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशको म्याग्दी जिल्ला स्थित बेनी अस्पताललाई आरवो वाटर फिल्टर सहयोग प्रदान गरेको छ।



बेनी अस्पतालमा आइतबार आयोजित एक कार्यक्रमका बीच अस्पताललाई वाटर फिल्टर हस्तान्तरण गरिएको छ ।अस्पतालमा सुरक्षित खानेपानीको अभावका कारण विरामीहरुलाई कठिनाईका साथ साथै स्वास्थ्यकर्मीहरुलाई पनि सेवाप्रवाहमा असहजता भएको हुदाँ अस्पतालको सेवा प्रवाहमा केही हदसम्म सहजता होस भन्ने हेतुले बैंकले बेनी अस्पताललाई दुईवटा वाटर फिल्टर सहयोग प्रदान गरेको हो । बैंकको यस कार्यबाट सेवाग्राहिहरुलाई अस्पतालमा सुरक्षित पिउने पानीको सुनिश्चितता हुने, पानीबाट हुने संक्रमणहरूमा कमि आउने र समग्रमा त्यस क्षेत्रको स्वास्थ्यमा प्रवर्द्धन हुने विश्वास बैंकले लिएको छ।

> हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक,सांस्कृतिक,शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको र आगामी दिनमा पनि गर्ने योजना रहेको जानकारी गराएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ३८ हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ। हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

## खडेरीले पानीका स्रोत सुक्दै, वन्यजन्तु समस्यामा

चितवन। खडेरीका कारण चितवन राष्ट्रिय निकुञ्जमा पानीका स्रोत सुक्दै थालेपछि वन्यजन्तु समस्यामा परेका छन्।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले निकुञ्ज र मध्यवर्ती क्षेत्रमा रहेका साना ठूला एक सय ३४ वटा तालतलैयामा पानीको सतह घट्दै गएपछि वन्यजन्तुलाई समस्या भएको बताउनुभयो। उहाँले प्राकृतिक र निकुञ्जले बनाएका कृत्रिम तालसहित सिमसार क्षेत्र, नदी, खोलामा गत वर्षको तुलनामा पानीको सतह घटेको पनि उहाँले बताउनुभयो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले लामो समयसम्म पानी नपरेकाले पानीको सतह घटेको बताउनुभयो। चर्को घामले वास्पिकरण भएर जाने तर पानी नपर्ने हुँदा तालतलैयाको पानीको सतह घटेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो "विगतका वर्षमा भन्दा यसवर्ष पानीको सतह घटेको अनुमान गरिएको छ। यस वर्ष हिउँदमा कम पानी परेकाले यस्तो समस्या आएपछि यहाँका वन्यजन्तु प्रत्यक्ष प्रभावमा परेका छन्।"

दुर्लभ वन्यजन्तु एकसिङ्गे गैँडा गर्मीयाममा तालतलैयामा आहाल खेल्न रुचाउँछ। अन्य वन्यजन्तुलाई पानी अत्यावश्यक हुन्छ तर यहाँका पुराना ताल र सिमसार क्षेत्रमा सोहीअनुसार व्यवस्थापनका काम हुने गरेका छैनन्।

कार्यालयले भने बजेट अभावका कारण तालतलैयाको माटो, गेग्रानलगायत पानीका मुहानमा सरसफाइ र व्यवस्थापनको काम गर्न समस्या भएको जनाएको छ। रासस

# धान रोपाइँका समयमा रासायनिक मलको अभाव हुँदैन : कृषि मन्त्रालय




काठमाण्डु । यस वर्ष धान रोप्नका लागि रासायनिक मलको अभाव नहुने भएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले रोपाइँका बेला मल अभाव नहुने भएकाले ढुक्क भएर कृषि कर्म अघि बढाउन कृषक वर्गमा अनुरोध गरेको छ।

धान रोप्नका लागि सुरुको चरणमा डिएपी मल बढी आवश्यक पर्छ । हाल कृषि सामग्री कम्पनी लिमिटेडमा युरिया ५२ हजार १८, साल्ट ट्रेडिङ कम्पनी लिमिटेडमा २६ हजार ५० मेट्रिकटन गरी ७८ हजार १७९ मेट्रिकटन मौज्दात रहेको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले राससलाई जानकारी दिनुभयो । यसैगरी डिएपी मल कृषि सामग्री कम्पनीमा पाँच हजार चार सय ३४ र साल्ट ट्रेडिङ कम्पनीमा चार हजार ९२ मेट्रिकटन गरी नौ हजार पाँच सय २७ मेट्रिकटन गत वर्षकै मौज्दात रहेको छ।

यसैगरी पोटास मल कृषि सामग्रीमा आठ हजार छ सय ९६ र साल्ट ट्रेडिङ कम्पनीमा तीन हजार एक सय छ मेट्रिकटन गरी ११ हजार आठ सय तीन मेट्रिकटन मौज्दात रहेको छ । कृषि सामग्री र साल्ट ट्रेडिङले दुई लाख ४२ हजार एक सय १९ मेट्रिकटन युरिया मल आयात गर्दैछन्।

यसैगरी दुवै कम्पनीले ९७ हजार आठ सय ६५ मेट्रिकटन डिएपी मल आयात गर्न लागेको मन्त्रालयले जनाएको छ।

कृषि सामग्रीले १२ हजार नौ सय ५८ मेट्रिकटन र साल्ट ट्रेडिङले सात हजार छ सय ४६ मेट्रिकटन पोटास मल गरी कूल २० हजार छ सय चार मेट्रिक टन मल आयात गर्दै छन् । यो मल यसै हप्तादेखि असार दोस्रो सातासम्म नेपाल आइसक्ने मन्त्रालयका सूचना अधिकारी जोशीले बताउनुभयो।

पहिले आएको मल अघि रोपाइँ हुने जिल्ला र पछि आएको मलपछि रोपाइँ हुने जिल्लामा पठाउने गरी मन्त्रालयले व्यवस्था मिलाएको मन्त्रालयका प्रवक्ता शवनम शिवाकोटले बताउनुभयो।

यसवर्ष आवश्यक मात्रामा पानी पर्ने पूर्वानुमान जल तथा मौसम विज्ञान विभागले यसअघि नै गरिसकेको छ। यसैले समयमै रोपाइँको तयारी गर्न मन्त्रालयले कृषकलाई आह्वान गरेको छ ।रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत् कर्जा प्रवाह विस्तारमा केहि लचिलो नीति लिएपछि त्यसको सकारात्मक प्रभाव पुँजीबजारमा देखिएको हो।

सोमबार परिसूचक ४५ दशमलव ६९ अङ्कले बढेर दुई हजार ६४ दशमलव ४५ को बिन्दुमा कायम भएको हो।

सोमबार तीन सय २३ कम्पनीको एक करोड २२ लाख ४० हजार आठ सय दुई कित्ता सेयर ७४ हजार नौ सय ९१ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब २५ करोड १० लाख २५ हजार बराबरको कारोबार भएको छ।

सबै समूहका उपसूचक हरियो देखिएका छन्। सबैभन्दा धैरै जीवन बीमा समूह चार दशमलव ३८ र निर्जीवन बीमा समूह तीन दशमलव ८१ प्रतिशतले बढेको छ।

चारवटा लघुवित्त कम्पनीको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ। रासस

# कृषक व्यावसायिक आलुखेतीमा

पर्वत। पर्वतमा करिब दुई हजार किसान व्यावसायिक आलु खेती गर्न लागेका छन्।

कृषि ज्ञान केन्द्र पर्वतले खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम संचालन गरेपछि विगतमा आलुको उपभोगमुखि खेती गर्दै आएका यहाँका करिब दुई हजार किसान व्यावसायिक खेतीमा लागेको बागवानी विकास अधिकृत शङ्कर पौडेलले जानकारी दिनुभयो ।

कार्यक्रमअन्तर्गत हिउँदे मौसममा जिल्लाभरका एक हजार आठ सय २१ जना कृषकले व्यावसायिक आलु खेती गरी आम्दानी गरेका पनि पौडेलले बताउनुभयो । "किसानलाई व्यावसायिक आलु खेतीतर्फ आकर्षित गर्दै जिल्लालाई आलु उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले कार्यक्रम संचालन गरिएको हो । चालु आर्थिक वर्षका लागि रु तीन करोड विनियोजन गरिएको छ। सो रकमबाट आलुको बीउ, मल, कृषि औजार तथा बजारीकरणका लागि अनुदान उपलव्ध गराइएको छ", पौडेलले भन्नुभयो।

चालु आवमा एक सय २५ हेक्टरमा आलु खेती विस्तार गर्ने लक्ष्य रहेकामा कृषकको मागअनुसार एक सय ५५ हेक्टर क्षेत्रफलमा मात्र खेती गरिएको छ। त्यसबाट दुई हजार छ सय ५८ मेट्रिकटन आलु उत्पादन भएको छ। त्यसमध्ये कृषकले उपभोग गरेर बाँकी रहेको आलु बिक्रीबाट रु पाँच करोड आम्दानी गरेका कृषि ज्ञान केन्द्रले जनाएको छ।

पर्वतमा जनकदेव, खुमल, उज्ज्वल, खुमल सेतो, एमएस ४२, कुफ्री, ज्योती, ताराखोला, जातका आलुको खेती गरिएको थियो ।रासस

## भुमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस डुमरिया परोहा वडा न. २ हाल इशनाथ न.पा.वडा न. ९ मा बस्ने छठु राय यादबको नातीहरु बासुदेव राय यादबको छोराहरु जवाहरलाल यादब र गम्हीरा राय यादबले आफनो बुवा नाता पर्ने वासुदेव राय यादबको नाउँमा कायम रहेको तपसिल बमोजिमको जग्गा नामसारी गरि पाउँ भनि इशनाथ न.पा. वडा न. ९ कार्यालयको च.न.८७८ मिति २०८१।०१।१८ गतेको सिफारिस साथ नामसारी माग गरेकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते तथा ठेगानामा वडा न. उल्लेख नरहेकोले सो को नामसारी हुन यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उक्त जग्गाधनीको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | डुमरिया प. | १ ग | ६८ | ०-०-९ | वासुदेव राय यादव |
| रौतहट | डुमरिया प. | २ | ५७८ | १-२-१० | |
| रौतहट | डुमरिया प. | ३ | १६४ | ०-०-८ | |
| रौतहट | डुमरिया प. | ३ | १८४ | १-१०-० | |
| रौतहट | डुमरिया प. | ३ | १९७ | ०-२-५ | |
| रौतहट | डुमरिया प. | ३ | २५६ | ०-८-० | |

## मधेश प्रदेश सरकार
## वन तथा वातावरण मन्त्रालय
## प्रदेश वन निर्देशनालय
## डिभिजन वन कार्यालय ,धनुषा

### सिलबन्धी दरभाउपत्र आव्हानको सुचना

**प्रथम पटक सुचना प्रकामशित मिति : २०८१/०२/०७**

यस कार्यालयबाट चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित निर्माण कार्य गराउनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीहरुको लागि यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१. इच्छुक निर्माण व्यवसायीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र आफ्नो ईजाजत पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, स्वघोषणा पत्र र प्रति ठेक्का रु.१०००/०० (अक्षारुपी रु.एक हजार मात्र) यस कार्यालयको कार्यालय कोड नं. ३०७०११७०२२, राजश्व शिर्षक नं. १४२२९, राजश्व खाता नं.१०००१००२०००१०००० मा (पछि फिर्ता नहुने गरि) राजश्व बुझाएको शक्कल भौचर वा यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद सहित संलग्न राखि निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. रीतपूर्वक भरिएको सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० वजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २.०० वजे यस कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा सिलबन्दी दरभाउपत्र खोलिनेछ। सिलबन्दी दरभापत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बांधा पर्ने छैन।

३. सिलवन्दी दरभाउपत्र साथ कम्तिमा ७५ (पचहत्तर) दिन मान्य अवधी रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) को शक्कल प्रती वा यस कार्यालयको कार्यालय कोड नं. ३२ ९०३१७०१२ मा प्रदेश लेखा नियन्त्रक कार्यालय, धनुषाको नाममा राष्ट्रिय बाणिज्य बैंक जनकपुर शाखामा रहेको धरौटी खाता नं. १२२०१००२०२०३०००० मा नगदै दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity (BOQ) को प्रत्येक महलमा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्याता दिइने छ।

५. दररेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दररेट भर्नु पर्नेछ।

६. सिलवन्दी दरभाउपत्र दाखिला गर्दा सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नम्वर, कामको विवरण र दाखिला गर्ने निर्माण व्यबसायीको नाम, ठेगाना स्पष्ट रुपमा खुलाइ पेश गर्नु पर्नेछ।

७. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

८. एक फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्मको नाममा दर्ता गर्न पाइने छैन।

९. रीत नपुगी शर्त राखी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन।

१०. दरभाउपत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

११. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको किशिम | कामको विवरण | लायत अनुमान रकम (मू.अ.कर बाहेक) | धरौटी रकम रु |
|---|---|---|---|---|---|
| १. | २/०८०/०८१ | सिलबन्दी दरभाउपत्र | जनकपुरधाम स्थित जिल्ला अदालत परिसरमा हरित पार्क निर्माण कार्य | १७,०९,२१४.३२ | ५१,०००/०० |
| २ | ३/०८०/०८१ | सिलबन्दी दरभाउपत्र | शहिदनगर न.पा.-६ हडवारा गाउँमा डिहवारबाबा मन्दिर परिसरमा हरित पार्क निर्माण कार्य | १७,०९३६८.५२ | ५१,२००/०० |
| ३ | ४/०८०/०८१ | सिलबन्दी दरभाउपत्र | हंसपुर न.पा.-४ सुगामदुकरही स्थित मदुकेश्वरनाथ महादेव मन्दिर परिसरमा हरित पार्क निर्माण कार्य | १६,९८,९२०.२८ | ५०,०००/०० |

**डिभिजनल वन अधिकृत**

# पत्रकार यादव र रोहिता मृत्युबारे छानबिन गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । एक महिना नबित्दै दुई पत्रकारको एकै प्रकृतिको मृत्यु रहस्यमयी ढंगले भएको भन्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षकलाई ज्ञापन पत्र बुझाएका छन् ।



जनकपुरधाममा आइतबार नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका अध्यक्ष राजेश कुमार कर्णको अगुवाईमा रहेको टोलीले एक महिना नबित्दै धनुषामा दुईजना युवा पत्रकारको सडक दुर्घटनाबाट रहस्य मृत्यु भएकाले छानबिनका लागि माग गर्दै प्रहरी नायब महानिरीक्षक यज्ञ विनोद पोखरेललाई ज्ञापन पत्र बुझाएका छन् ।

२०८१ वैशाख ११ गते जनकपुरधाम-ढल्केवर सडकस्थित राजमार्गमा युवा पत्रकार विनय यादवको सडक दुर्घटनामा मृत्यु भएको थियो भने एक महिना नबित्दै २०८१ जेठ ५ मा अर्का युवा पत्रकार शिवेन्द्र रोहिताको पनि सडक दुर्घटनाकै क्रममा मृत्यु भएको छ ।

सडक दुर्घटनाको स्थान फरक फरक भए पनि दुर्घटनाको समय एकाविहान रहेको र विनय यादवको दुर्घटनाबाट मृत्यु नभइ हत्या भएको देखिएपछि किटानी जाहेरीसमेत दर्ता भएको अवस्थामै पत्रकार शिवेन्द्र रोहिताले चलाएको मोटरसाइकललाई कारले ठक्कर दिएपछि पत्रकार रोहिता घाइते नै थिए तर पुनः सो गाडीले ब्याक गरी रोहितालाई कुल्चेर हत्या भएको भन्ने कुरा आए पछि प्रहरीलाई गम्भीर भएर छानबिन गर्न आग्रह गरेको अध्यक्ष कर्णले भने ।

अध्यक्ष कर्णले भने-'गाडी दुर्घटनाबाट एक महिनामै दुईजना पत्रकारको मृत्यु हुनु संयोग नभइ नियोजित षड्यन्त्र भएको देखिन्छ । त्यसैले दुबै दुर्घटनाको बारेमा नेपाल पत्रकार महासंघ मधेश प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ ।'

उनले पत्रकारको सवारी दुर्घटनाबाट मृत्यु भएको घटनाको छानबिन हुनुपर्ने माग गर्दै आए पनि स्थानीय प्रहरी प्रशासनको मौनता र निष्कृयता रहस्यमय देखिएकाले यथाशीघ्र छानबिन गरी दोषीमाथि कडा कारवाही गर्न माग गरेको बताए ।

एक सता भित्र छानबिन प्रक्रिया अगाडि नबढाए आन्दोलन गर्ने चेतावनीसमेत दिए । यता प्रहरी नायब महानिरिक्षक पाखरेलले पत्रकारको मृत्युको विषयमा आफूहरु गम्भीर रहेको बताउँदै तत्काल छानबिन प्रक्रिया अघि बढाउँदै दोषीलाई कारबाहीको दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गरे । उनले सञ्चार क्षेत्रमा कार्यगर्नु आफैमा चुनौतीपूर्ण रहेको बताउँदै आगामी दिनमा सचेत भएर काम गर्न पत्रकारहरुलाई आग्रह गरे ।

ज्ञापन पत्र बुझाउन मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दास, आम सञ्चार प्राधिकरणका अध्यक्ष श्याम यादव, मधेश प्रदेश समितिका सदस्यहरु हदिश खुद्दार, सन्तोष सिंह कुशवाहा, नवीन प्रियदर्शी, सञ्जय राउत, प्रेस मञ्चका केन्द्रीय सदस्य संजीवकुमार झा, नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत, मधेशी पत्रकार समाज धनुषाका अध्यक्ष सुभाष कर्ण लगायतका पत्रकारहरु पुगेका थिए ।

# मालपोत र नापी कार्यालय सञ्चालनमा आउने

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केबरमा मालपोत र नापी कार्यालय सञ्चालनमा आउने निश्चित भएको छ । जनकपुरधामबाट भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयबाट मोठ स्रेस्ता लगायतका आवश्यक कागजात ढल्केबर ल्याएपछि यहाँका कार्यालय सञ्चालनमा आउने निश्चित भएको छ ।




ढल्केबरमा छ महिना अगाडि मालपोत कार्यालयको स्थापना भएको भए पनि भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधामले आवश्यक कागजात उपलब्ध नगराउँदा यहाँको कार्यालय सञ्चालनमा आउने नआउने विषयमा अन्योलता बढेको थियो ।

मालपोत कार्यालय ढल्केबरका प्रमुख अर्जुनकुमार मण्डलले भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधामले मोठ स्रेस्तालगायतका आवश्यक कागजात आइतबार उपलब्ध गराएको जानकारी दिएका छन् । आवश्यक कागजात उपलब्ध भएपछि यहाँको कार्यालय सञ्चालनमा आउने निश्चित भएको उनले बताए ।

कार्यालय प्रमुख मण्डलले कागजातहरू आइपुगेको बताउँदै सम्भवतः आगामी साताबाट सेवा सुचारु गर्ने बताए । उनले भने-'कागजातहरू व्यवस्थित गर्दैछौं । सम्भवतः एक साताको समय लाग्छ त्यतिजेल्लसम्म सेवा बन्द रहन्छ । सेवाग्राहीलाई झन्झटरहित छिटोछरितो सेवा प्रवाह गर्छौं ।' उनका अनुसार मालपोत र नापी कार्यालय ढल्केवरमा साबिकका गाविसहरू ढल्केवर, बेङ्गाडाबर, तुलसी, हरिहरपुर, नकटाझिज, भुचक्रपुर, शान्तिपुर, गोदार, भरतपुर, रघुनाथपुरलगायत हालका तीन वटा स्थानीय तह मिथिला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका र बटेश्वर गाउँपालिका क्षेत्रका मोठ स्रेस्ताहरू ल्याइएको छ ।

२०७२ असोज १४ गते नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले धनुषाको ढल्केबरमा मालपोत र नापी कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार २०७३ माघमा यहाँ नापी कार्यालय स्थापना गरिए पनि मालपोत कार्यालय स्थापना हुन सकेको थिएन । सोही कारण नापी कार्यालय स्थापना भएको सात वर्ष हुँदासम्म कार्यालयको कामकाज सुरु हुनसकेको थिएन । करिब छ महिनाअघि ढल्केबरमा मालपोत कार्यालयको स्थापना भएसँगै सञ्चालनमा ल्याउनका लागि प्रयास सुरु भएको थियो ।

# सेटिंगमा परीक्षार्थी उत्तीर्ण गरेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । त्रिभुवन विश्वविद्यालयको आंगिक रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख र स्ववियु सभापतिको संलग्नतामा खुलेआमरुपमा सेटिंगमा उत्तीर्ण गराउने काम हुँदासमेत सरोकारवालाले बेवास्ता गरेको आरोप लगाउँदै विद्यार्थीहरुले विरोध गरेका छन् ।




जनकपुरधाममा आइतबार पत्रकार सम्मेलन आयोजना गर्दै राराब क्याम्पसका क्याम्पस प्रमुख प्रदीपकुमार प्रसाद र स्वतन्त्र विद्यार्थी युनियनका सभापति मनिषकुमार यादवको मिलेमतो र स्ववियु सदस्य दीपेन्द्रकुमार राउतको संलग्नतामा सेटिंगमा चोरी गराउने र परीक्षार्थीको उपस्थिति विना नै उत्तीर्ण गराउने ठेक्का लिनेसहितका कामहरु उदांगिएको लोकतान्त्रिक विद्यार्थी संघ धनुषाका नेता अजय कुमार पण्डितले आरोप लगाए ।

उनले भने-'राराब क्याम्पसका क्याम्पस प्रमुख प्रदीपकुमार प्रसाद र स्वविय् सभापति मनिष कुमार यादवको मिलेमतोमा एक स्कुलको प्रत्यक्ष उपस्थितिमा परीक्षाहलमा विद्यार्थीहरुको परीक्षा कपी स्ववियु सदस्य दीपेन्द्रकुमार राउतको संलग्नतामा हाजिरी र कपी सिफ्ट गरेको फेला परेको छ । सोको फोटो र भिडियोसमेत पहिचान पनि भयो । क्याम्पस प्रमुखलाई समेत सो कुरा प्रमाणसहित गुनासो गर्दा बेवास्ता गरेपछि हामीले स्ववियुमा तालाबन्दीसमेत गरेका थियौं, त्यसपछि भएको वार्ताबाट सोको सम्बन्धमा छानबिन गरी स्ववियु सदस्य दीपेन्द्रकुमार राउतलाई कारबाही गर्ने सहमति विपरीतको कार्य स्ववियु सभापति यादवबाट भएपछि बाध्यतावश पत्रकार सम्मेलन आयोजना गर्नु परेको छ ।'

उनले अघि थप्दै भने-'हामी राराब क्याम्पसलाई हाम्रो क्याम्पस, राम्रो क्याम्पस बनाउने अभियान जारी राखेका छौं, यसका लागि हामी सदैव सक्रियसमेत रहने छौं ।'

सो पत्रकार सम्मेलनमा रहेका विद्यार्थी नेताहरुले राराब क्याम्पसस्थित परीक्षा केन्द्रमा अनुपस्थित रहेका परीक्षार्थीहरुसमेत सेटिंगको भरमा मोटो रकमको चलखेलका कारण केही विद्यार्थीहरुलाई पहुँचकै आधारमा उत्तीर्ण भएको मार्कसिट र सर्टिफिकेट उपलब्ध हुने गरेको बताए ।

सो पत्रकार सम्मेलनमा समाजवादी विद्यार्थी संघबाट स्ववियुका प्रत्यासी उम्मेदवार गौतम यादवलगायतकाहरुको उपस्थिति रहेको थियो ।

# करोड भन्दा बढी रूपैयाँ बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतको रक्सौलमा प्रहरीले छामामारी गर्दा करोड भन्दा बढी नेपाली र भारु बरामद गरेका छन् । मोतिहारी प्रहरीले गोप्य सूचनाको आधारमा रक्सौलको नागा रोडमा रहेको मिठाई व्यवसायी अमरिश गुप्ताको घरबाट सो रकम बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीले गुप्ताको घरबाट नेपाली रुपैयाँ ६० लाख र भारतीय रुपैयाँ ३४ लाख बरामद गरिएको जनाएको छ ।




मोतिहारीबाट सदर एस.एस.पी शिखर चौधरीको नेतृत्वमा आइतबार अमरीश गुप्ताको रक्सौल स्थित घरमा छापामारेका थिए । घरमा राखिएको पैसा गणना गर्ने मेसिनबारे प्रहरीले सोधपुछ गर्दा अमरीश गुप्ताले केही बताउन सकेनन् । त्यसपछि प्रहरीको कडाईको सामना गर्दै अमरीशले मिठाईको कारोबारको आडमा भारतीय र नेपाली रुपैयाँ साट्ने व्यवसाय गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

एउटा टोलीले अमरीश गुप्ताको घरमा र अर्को टोलीले मिठाई पसलमा छापा मारेका थिए । अमरीश गुप्ता र उनका बुबा ध्रुव गुप्ताको मिठाई व्यवसायको आडमा हवाला र सटही काउन्टर चलाउने गरेका छन् ।

भारतीय प्रहरीले यसको तार वीरगञ्ज गहवामा बस्दै आएको उमेश साह तेली संग जोड्न सकिन्छ भन्ने तर्फ अनुशन्धान अघि बढाएको श्रोतले जनाएको छ । अमरिश गुप्ता उमेशको काका ध्रुव साहका छोरा छन् । उमेशले सीजन अनुसार तेल, मसाला र चिनीको तस्करीमा नेपालमै नाम कहलिएको सीमा वारपार गर्ने व्यवसायी छन् ।

यस बारेमा अंकुशले उमेश तेली सँग बुझ्दा उनले आफ्नो नातेदार भएको तर कस्ले के ब्यापार गर्छ त्यो आफ्नो चासोको विषय नभएको भन्दै अनभिज्ञता प्रकट गरे ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफुल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लोहारपट्टी नगरपालिकाको सूचना

**गर्मी मौसममा हुनसक्ने आगलागिका घटनाहरु र सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार उपाय अपनाऔं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन राम्रो नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसंग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय-समयमा निरीक्षण गरौं ।
- चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोग पश्चात् जथाभावी नफालौं र आगो राम्रो संग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

**लोहारपट्टी नगरपालिका, लोहारपट्टी, महोत्तरी**

## लक्ष्मीनियाँ गाउँपालिकाको सूचना

- कर तिर्नु नागरिकको कर्तव्य हो भने सेवा-सुविधा पाउनु अधिकार हो
- गर्मीयाममा पर्याप्त मात्रामा पानी पिऔं
- विकास निर्माणको कार्यमा जनसहभागीता जुटाऔं
- गाउँपालिकावाट इजाजत लिएर मात्र घर बनाऔं
- गाउँपालिकावाट सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिका कार्यालयमा दर्तामा गरेर मात्र सञ्चालन गरौं
- गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सवैप्रकारका करहरु समयमै भुक्तान गरी जरीवानावाट वचौं
- व्यक्तिगत घटना दर्ता (विवाह, वसाइ सराई, जन्म दर्ता, विवाह दर्ता) समयमा गरौं
- छडा चौपाया नियन्त्रण गरौं, सडकमा नछाडौं
- बालबालिकालाई विद्यालय पठाऔं, काममा नलगाऔं
- गर्मी आममा हवाहुरी चल्ने समय भएकोले आगो जथाभावी नबालौं
- बाल्नु पऱ्यो भने काम सकिना साथ तुरुन्त निभाउने गरौं

**लक्ष्मीनियाँ गाउँपालिका, लक्ष्मीनियाँ बजार, धनुषा**


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८